# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मोलुङ गाउँपालिका
## ओखलढुङ्गा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मोलुङ गाउँपालिका

ओखलढुङ्गा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मोलुङ गाउँपालिका

## ओखलढुङ्गा

## आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।२।१३

प.सं. २०८०।८१

च.नं. ६१

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री अध्यक्ष ज्यू ,
मोलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा ।

१. **कैफियत सहितको राय** - हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ९९ लाख १६ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु.२ लाख ११ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.५५ लाख ७१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७४ लाख ९५ हजार, नियमित गर्नुपर्ने रु.४३ लाख ५५ हजार र पेस्की बाँकी रु.२२ लाख ८४ हजार समेत रु.१ करोड ९७ लाख ५ हजार रहेको छ । यस गाउँपालिकाको गत वर्षसम्म रु.११ करोड ५५ लाख ५१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१३ करोड ४८ लाख ३८ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३ हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन

बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(श्रीकुमार राई)**
**नायब महालेखापरीक्षक**

**मोलुङ गाउँपालिका,**

**ओखलढुंगा जिल्ला,**

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७८ | ९३ | १९९१६ | ० | १३ | २११ | ७८ | ८० | १९७०५ | ५५७१ | ४३५५ | ७४९५ | ० | ० | ११८५० | २२८४ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ओखलढुंगा | ११५५५१ | ० | ४१८ | ११५१३३ | ० | १९७०५ | १३४८३८ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | ३९ | विद्यालयले जिन्सी दाखिला गरेको प्रमाण पेश | १००००० |
| २ | | ५७.७ | विद्यालयले पाठ्यपुस्तक वितरण गरेको प्रमाण पेश | ७५७५० |
| ३ | | ५७.८ | ४ वटा विद्यालयबाट असुल गरी प्रमाण पेश | ३२३४४ |
| ४ | | ५७.११ | ५ वटा विद्यालयबाट असुल गरी प्रमाण पेश | २४०० |
| | चालु वर्षको जम्मा | | | २१०४९४ |
| | गत विगत वर्षतर्फको | | | |
| १ | २०७८।७९ | ३७ | नर्सिङ नि.अ. शारदा राईलाई रु.५६३२, अ.हे.व. पाँचौ भरत कुमार प्रधानलाई रु.४२२४ बढी भुक्तानी भएको रकम असुल भई प्रमाण पेश | ९८५६ |
| २ | | ५१ | गैरआवासिय छात्रवृत्तीमा बढी अनुदान भुक्तानी भएको रकम असुल भई प्रमाण पेश<br>- श्री वरुणेश्वर मा.वि. रु.८४००<br>- श्री शिवदती मा.वि. रु.३२००<br>- श्री कालिका मा.वि. रु.२४०० | १४००० |
| ३ | | ५४ | उपभोक्ता समितिलाई बढी भुक्तानी रकम असुल भई प्रमाण पेश<br>- बतासे सडक ग्याबिन जाली, मोलुङ्ग ६ रु.५८४०.५४<br>- जेसे मा.वि.ग्याविन निर्माण उ.स.,मोलुङ्ग ७ रु.८०४७८.४४ | ८६३१८.९८ |
| | २०७८।७९ को जम्मा | | | ११०१७४.९८ |
| १ | २०७७।७८ | ५८ | पकेट कार्यक्रममा कम लागत सहभागिता भएको रकम र तालिम सञ्चालनको लागि रकम भुक्तानी भएकोमा तालिम सञ्चालन भएको नदेखिएको रकम असुल भई प्रमाण पेश<br>क्र.सं. / नाम / रकम<br>१ / सिंहदेवी फलफुल विकास कृषि समूह / ३०००० | १६०९३१ |

| | | | | |
|---|---|---|---|---|
| | | | २ कमला कृषि फर्म ३००००<br>३ ध्रुवतारा विजक वृद्धि समूह ७९९३१<br>४ भिमसेन खर्च कृषक समूह १५०००<br>५ मनकामना महिला कृषक समूह १५००० | |
| २ | | ६०.१ | बढी तलब भुक्तानी असुल भई प्रमाण पेश | १८१७६ |
| | **२०७७।७८ को जम्मा** | | | १७९१०७ |
| १ | **२०७६।७७** | ११ | मू.अ.कर भुक्तानी वापत असुल भई प्रमाण पेश | ३७८० |
| २ | | १७ | कम जनश्रमदान रकम असुल भई दाखिला भएको प्रमाण पेश | १७४९५ |
| ३ | | २६ | करार कर्मचारीको चाडपर्व खर्च बढी भुक्तानी असुल भई दाखिला<br>- बालकुमारी खड्का रु.२६६१०<br>- भिम बहादुर सुनुवार रु.२८२००<br>- विमला नेपाल रु.२६६१०<br>- हेमराज ढुङ्गेल रु.४००० | ८५४२० |
| ४ | | ३८ | बढी ग्रेड भुक्तानी असुल भई दाखिला<br>- भरत कुमार प्रधान रु.६८१६<br>- गजेन्द्र प्रसाद गुप्ता रु.९०८८ | १५९०४ |
| ५ | | ४७ | तालिम कक्षा वापत बढी भुक्तानी असुल भई दाखिला | ४०८० |
| ६ | | ४८ | मापदण्डभन्दा बढी खर्च | २६०० |
| | **२०७६।७७ को जम्मा** | | | १२९२७९ |
| | **गत विगतको जम्मा** | | | ४१८५६०.९८ |
| | **कुल जम्मा** | | | ६२९०५४.९८ |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

**(क) मोलुङ गाउँपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेका छन् भने क्षेत्रफल ११२ वर्ग किलोमिटर तथा १६४४० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२५ देखि २०८०।५।२८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय-व्ययतर्फ रू.१,०६,३०,२१,६८२।५६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसार रू.९,८००।- असुल भइ २०८०।५।२७ मा बेरुजु खातामा दाखिला भई प्रमाण पेश भएको छ ।

| सि.नं. | विवरण | रकम रू. |
|---|---|---|
| १ | दैनिक भ्रमण भत्ता बढी भुक्तानी | ९८०० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ:

| विवरण | प्राप्ति/ भुक्तानी |
|---|---|
| प्राप्ति (क+ख) | ३९३०९३२६४.१६ |
| क. प्राप्ति | ३८९६५११३३.०३ |
| ११००० कर | ६५३३६३८३.९ |
| १३००० अनुदान | ३२२४११९५८.७५ |
| संघीय सरकार | ३०४१५४०९७.०५ |
| प्रदेश सरकार | १८२५७८६१.७ |
| अन्तरिक श्रोत | ० |
| १४००० अन्य राजस्व | १९०२७९०.३८ |
| ३२००० वित्तीय सम्पत्ति | ० |
| ख. अन्य प्राप्ति | ३४४२१३१.१३ |
| वितरण गर्न बाँकी राजस्व | ० |
| कोषहरु | ९५४९०० |
| धरौटी | २४८७२३१.१३ |

| | |
|---|---|
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० |
| भुक्तानी (ग+घ) | ३९१६५३९५३.९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ३८९१७५१४७.५ |
| २१००० पारिश्रमिक / सुविधा | १९३८३७५७५.२३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ८३७१६४०५.०२ |
| २५००० सहायता (Subsidy) | ३७१६८१६ |
| २७००० सामाजिक सुरक्षा | ४७८८७७०.०२ |
| २८००० अन्य खर्च | १०३६३८० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पुँजीगत खर्च | १०२०७९२०१.२३ |
| घ. अन्य भुक्तानी | २४७८८०६.४ |
| कोषहरु | १८३०१०४.४ |
| धरौटी | ६४८७०२ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० |
| ङ. यो वर्षको बचत (न्युन) | १४३९३१०.२६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | ४५८२४४८३.४५ |
| वर्षान्तको बाँकी रकम (ङ + च) | ४७२६३७९३.७१ |
| बैंक तथा नगद बाँकी | ४८८२४५०५.७१ |

सैद्धान्तिक बेरुजु

३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.८,५१,८४,९००।- स्थानीय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रमको रू.८०,००,०००।- र अन्य रू.२,५८,०००।- समेत गरी रू.९,३४,४२,९००।- सुत्रमा लेखाङ्कन गरेको छैन । त्यसै गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, ओखलढुङ्गामा पालिकाको खातामा रहेको धरौटी मौज्दात रू.३,७१,५५०।६१ र राजश्व आम्दानी रू.४,०३,४२४।- सुत्रमा समावेश भएको छैन । सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ **फरक हिसाव**

४.१ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू.१६,३७,१३९।४७, यस वर्षको प्राप्ति रू.१३,९१,३७,२३२।२५ यस वर्षको भुक्तानी रू.१३,९१,३७,२३२।२५ र बैङ्क मौज्दात रू.१६,३७,१३९।४७ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन | ४५८२४४८३.४५ | ३९३०९३२६४.१६ | ३९१६५३९५३.९ | ४७२६३७९३.७१ |
| (म.ले.प.फा.नं.२७२) | | | | |
| एकीकृत आर्थिक विवरणअनुसार | ४७४६१६२२.९२ | ५३२२३०४९६.४१ | ५३०७९११८६.१५ | ४८९००९३३.१८ |
| **फरक** | **१६३७१३९.४७** | **१३९१३७२३२.२५** | **१३९१३७२३२.२५** | **१६३७१३९.४७** |

सैद्धान्तिक बेरुजु

४.२ एकीकृत आर्थिक विवरणको खर्चतर्फ सरकारी लेखा प्रणाली (CGAS) तर्फ खर्च भएको रू.९,३४,४२,९००।- र निकासा फिर्ता गरेको रू.४,५६,९४,३३२।२५ समेत समावेश गरेको देखियो ।

सैद्धान्तिक बेरुजु

४.३ पालिकाको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) अनुसार वर्षान्तको बाँकी रकम रू.४७२६३७९३।७१ देखिन्छ भने बैंक तथा नगद बाँकी रू. ४८८२४५०५।७१ बाँकी भई रू.१५६०७१२ फरक देखिएको छ । आर्थिक वर्षको अन्त्यमा पुँजिगत खर्च खातामा रू.१५६०७१२ मौज्दात रहेको कारण उक्त रकम फरक पर्न गएको पालिकाले जनाएको छ । फरक रकमको हिसाव मिलान गर्नु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रू.४,५१,७४,९९९।- मौज्दात रहेकोमा यो वर्ष एकीकृत आर्थिक विवरण अनुसार रू.४,७४,६१,६२३।- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.२२,८६,६२४।- बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाव समायोजन गर्नु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६ **बैंक हिसाव विवरण**

६.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी

हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ। वैङ्क स्टेटमेन्ट अनुसार रू.७६,०८,५३४।३५ वढी देखिएकोले सोको सम्बन्धमा वैंक हिसावमिलान विवरण तयार गर्नु पर्दछ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रू. | बैङ्क स्टेटमेन्टःअनुसार | फरक |
|---|---|---|---|
| (श्रेष्ता अनुसार) | वर्षान्तको मौज्दात रू. | | |
| स्थानीय तह सञ्चित कोष खाता | ४४७३९७५६.९८ | ६२८४८५ | ४४१११२७१.९८ |
| चालु खर्च खाता | ० | २४१८३९५०.९६ | -२४१८३९५१ |
| पुंजीगत खर्च खाता | १५६०७१२ | २११७१९०३.४९ | -१९६१११९१.५ |
| विविध खर्च खाता | १९८५० | ७१४५०४ | -६९४६५४ |
| प्रकोप व्यवस्थापन खाता | २३४०८५.०७ | २३४०८५.०७ | ० |
| स्थानीय विभाज्य कोष | | | ० |
| कर्मचारी कल्याण कोष खाता | | | ० |
| धरौटी | २३४६५२९.१३ | २३४६५२९.१३ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | | २६७६१०६.८८ | -२६७६१०६.८८ |
| ग१.२, बाँडफाँडबाट प्राप्त | | ८८९०३ | -८८९०३ |
| राजस्व खाता | | | |
| आन्तरिक अनुदान खाता | | ४४६५००० | -४४६५००० |
| बैङ्क | | | |
| जम्मा | ४८९००९३३.१८ | ५६५०९४६८ | ७६०८५३४.३५ |
| **बैंक मौज्दात बढी** | **७६०८५३४.३५** | | |

सैद्धान्तिक बेरुजु

६.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको पुँजिगत खर्च खातामा रू.१५,६०,७१२।- मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **खर्च बिश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रू.२६,२५,६५०।८८ राजस्व बाँडफाँड र अनुदानबाट रू.३८,७८,२५,५८२।१५ समेत रू.३८,९६,५१,१३३।०३ आम्दानी भएकोमा चालुतर्फ

रू.२८,७०,९५,९४६।२७ र पुंजीगततर्फ रू.१०,२०,७९,२०१।२३ समेत रू.३८,९१,७५,१४७।५० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६७ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा आन्तरिक आयको २ गुणा अर्थात रू.५५,४६,०००।- खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७३.७७ प्रतिशत चालु र २६.२३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकःरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **अनुदान फिर्ता -** संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका निम्नानुसार अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धीत संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले देहाय अनुसार अनुदानको रकम आर्थिक वर्षको अन्त्यमा फिर्ता गरेको छ । आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको मौज्दात रू.४,५६,९४,३३२।२५ कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाइ कार्यालयमा फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी | बाँकी मध्ये | फिर्ता मिति |
|---|---|---|---|---|---|---|
| | | | | | संचितकोष फिर्ता | |
| संघीय सरकार | ससर्त | २५०३८१६६६ | २१८२६८७४९.२२ | ३२११२९१६.७८ | १६६६६६६ | २०८०।३।१३ |
| | विशेष | ० | ० | ० | १४९५१८६७.५१ | २०८०।३।३० |
| | समपुरक | १४००००० | ३२८२८४७.८३ | १०७१७१५२.१७ | २६१११५३५.४४ | २०८०।३।३० |
| | | | | | १००००० | २०८०।४।१० |
| प्रदेश सरकार | ससर्त | ७०२१००० | ५१४०२०२।७० | १८८०७९७.३ | १८०२२४७.३ | २०८०।३।३० |
| | समपुरक | १०००००० | ९०१६५३४ | ९८३४६६ | ७८५५० | २०८०।३।३१ |
| | | | | | ९८३४६६ | २०८०।३।३० |
| | **जम्मा** | **२८१४०२६६६** | **२३५७०८३३३.७५** | **४५६९४३३२.२५** | **४५६९४३३२.२५** | |

सैद्धान्तिक बेरुजु

९ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाईएन। पालिकाको आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका केही कमजोरी देहायबमोजिम रहेका छन्:

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• आर्थिक वर्ष २०७९।८० को कार्यपालिकाको निर्णय पुस्तिका अदालति प्रकृयामा रहेको कारण जनाई लेखापरीक्षणका क्रममामा पेश भएको छैन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ वमोजिम पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन,

• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो,

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• बजेट रकमको हाराहारीमा लागत अनुमान बनाउने गरेको,

• दिगो विकास योजना (२०१५-३०)लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,

• सहायक जिन्सी खाता अद्यावधिक गरी राखेको पाईएन,

• जिन्सी निरीक्षण गरेको पाईएन,

• जिन्सी अभिलेखमा सामानको स्पेशिफिकेसन खुलाई आम्दानी वाँध्ने गरेको पाइएन,

• वडा र शाखा कार्यालयमा खरिद भएका सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा आम्दानी बाँध्ने नगरिएको,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद तथा विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• रू. १ लाख भन्दा कमका आयोजनाहरु उपभोक्ता समितिको पदाधिकारीको खातामा भुक्तानी गर्ने गरेकाले उपभोक्ता समितिको खातामा भुक्तानी गर्ने व्यवस्था गर्नु पर्दछ,

• सडक निर्माण तथा स्तरोन्नतीको कार्यमा पुर्णरुपमा चेनेज खुलाएको छैन,
• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,
• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने अधिकांश सामानको गुणस्तर परीक्षण गरेको पाइएन,
• विस्तृत परीयोजना प्रतिवेदन तयार भएका र कार्यान्वयन चरणमा रहेका कार्यक्रमको कार्यान्वयन अवस्था खुल्ने प्रणाली छैन,
• पालिकाले क्रमागत तथा योजना खाता राखेको छैन,
• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन,
• योजना तथा कार्यक्रमको अनुगमन प्रतिवेदन व्यवस्थित गरी नराखेको,
• सञ्चालित योजनाको आय—व्यय सूचना पाटीमा सार्वजनिक गर्ने, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,
• वातावरण संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन,
• विषयगत अनुदान तथा उपभोक्ता समितिले गरेको जनसहभागिताको अंशको सम्वन्धमा एकरुपता हुने गरी कार्यविधि तयार गरेको छैन,
• अन्तिम लेखापरीक्षण अवधिसम्म आन्तरिक लेखापरीक्षण प्रतिवेदनका व्यहोरा कार्यान्वयन गरी सुधार नगरेको,
• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेस्की तथा वेरुजुको लगत तयार गरेको पाईएन,

आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **आन्तरिक लेखापरिक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण वर्षको अन्त्यमा गराएको छ । कानुनमा तोकिए बमोजिम त्रैमासिक रुपमा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमीकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रू. ४४ करोड ७१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

१४ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नु पर्नेमा पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **वार्षिक खरिद योजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१,०२,०८०।- हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १८९ योजनामा बजेट विनियोजन गरेको छ।

| योजना सङ्ख्या | रकम | रू. २० लाख माथिका योजना | | रू. ५ लाख देखि २० | | रू. ५लाखभन्दा कमका योजना सङ्ख्या | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
| १८९ | ११०१५४ | १० | ५७६४३ | १९ | २६५७७ | १६० | २५९३४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । जसअनुसार कुल खर्च मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी २.५७ प्रतिशत र सामाजिक विकासमा ५७.१७ प्रतिशत रहेकोमा पूर्वाधार विकासमा १६.८१ प्रतिशत खर्च रहेको छ । पालिकाको सन्तुलित विकास हुने गरी बजेट कार्यान्वयन गर्नु पर्दछ ।

| सि.नं. | क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३७०५९००० | २५१२१२४२.५८ | ६.४५ |
| २ | सामाजिक विकास | २४८७१७००० | २२२४८८२५८.९६ | ५७.१७ |
| ३ | पूर्वाधार विकास | १०७८५८२८६.९८ | ६५३९४७१८.९९ | १६.८१ |

| | | | | |
|---|---|---|---|---|
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १५७२०००० | ९९८७२०१.२८ | २.५७ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९३५२८३४२ | ६६१८३७२५.६९ | १७.०० |
| **कुल जम्मा** | | **५०२८८२६२८.९८** | **३८९१७५१४७.५** | **१००.००** |

सैद्धान्तिक बेरुजु

१९ **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले लक्ष्य प्रगति विवरण तयार पारेको देखिएन । नियमानुसार प्रगति विवरण तयार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **चौमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च | चौमासिक | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ (रू. हजारमा) | १०२०७९ | २२६२ | २५१२२ | ७४६९५ | ३९६२१ |
| प्रतिशत | १०० | २.२२ | २४.६१ | ७३.१७ | ३८.८१ |

उल्लिखित तालिका अनुसार रू.१० करोड २० लाख ७९ हजार खर्च भएकोमा प्रथम चौमासिकमा रू.२२ लाख ६२ हजार (२.२२प्रतिशत), दोस्रो चौमासिकमा रू.२ करोड ५१ लाख २१ हजार (२४.६१प्रतिशत) र तेस्रो चौमासिकमा रू.७ करोड ४६ लाख ९५ हजार (७३.१७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.३ करोड ९६ लाख २१ हजार (३८.८१ प्रतिशत) खर्च देखिनु ले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरी सोही अनुसार प्रतिवेदन प्रणाली समेत सुधार हुनु पर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली -** महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली(PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• हाल वडा र विषयगत शाखाका अलग अलग जिन्सी खाता राख्ने गरेकोले एकीकृत गरी अध्यावधिक गर्नु पर्दछ ।

• गत विगतका जिन्सी खातामा रहेका जिन्सी सामान अध्यावधिक गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) दाखिला गरेको छैन ।

सैद्धान्तिक बेरुजु

२२ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **स्थानीय तथ्यांक अभिलेख तथा स्रोत नक्सांकन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन अध्यावधिक गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **भिलेज प्रोफाइल जोखीम भू उपयोग निति -** आर्थिक वर्ष २०७९।८० मा कम्प्रिहेन्सिभ भिलेज प्रोफाइल निर्माणमा रू. १० लाख र पहिरो जोखिम अध्ययनमा रु १० लाख समेत कुल रू. २० लाख बजेट विनियोजन गरी बजेटकै हाराहारीमा लागत अनुमान तयार गरी सोहि अनुसार खरिद विधि निर्धारण र सम्झौता गरी निम्नानुसार रू. १९,२८,००६।०० खर्च गरेको देखियो । विगत आर्थिक वर्षमा भएका घरधुरि सर्वेक्षण, २०७७ तथा पार्श्व चित्र लगायतका अध्ययन प्रतिवेदनको कार्यान्वयन र सोको उपलव्धी अवस्था समिक्षा सहित अद्यावधिक अध्ययन नगरी पुनः नयाँ अध्ययन भएको देखिन्छ । विगतमा भएका अध्ययन प्रतिवेदन कार्यान्वयन र उपलव्धीको विश्लेषण सहितको समिक्षा गरी स्थानीय आवश्यकता र कार्यान्वयन क्षमताका आधारमा खर्चको औचित्य पुष्ट्याईं गरी परामर्श सेवा खर्च गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **प्रकोप व्यवस्थापन कोष -** कोषमा गत वर्षको मौज्दात रू.११,२९,१३९।४७ रहेको छ । यस वर्ष उक्त मौज्दात रकमवाट कोभिड अस्पतालमा कार्यरत कर्मचारीलाई पारिश्रमिक भुक्तानीमा रू.३,२२,९३३।६० त्रिपाल खरिद गरी

वितरण गर्ने कार्यमा रू.३,९९,८६१।८८ र अन्य कार्यमा रू.१,७२,२५९।- समेत रू.८,९५,०५४।४० खर्च भई रू.२,३४,०८५।०७ मौज्दात रहेको छ ।

सैद्धान्तिक बेरुजु

२६ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोत मै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । यस वर्ष न्यायिक समितिको व्यवस्थापन खर्चमा रू. ५ लाख बजेट व्यवस्थापन भएकोमा कार्यपालिकाले स्वीकृत गरेको खर्च कार्यविधि अनुसार रू.४,८७,३००।- खर्च भएको छ । लेखापरीक्षणमा पेश भएको विवरण अनुसार १० विवाद दर्ता भएकोमा ६ वटा फर्स्यौट भै ४ बाँकी रहेको देखिन्छ । मितव्ययी खर्च प्रणालीवाट न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकावाट प्राप्त विवरण अनुसार पालिकाले उल्लेखित पदहरुमा बाहेक २६ कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रू.७८,६३,११६।- भुक्तानी गरेको पाइयो । कार्यबोझको आधारमा O&M सर्भे गरी कानुन बमोजिम पारदर्शी हिसावले मात्र कर्मचारी नियुक्ति गरी भुक्तानी खर्च लेखनुपर्नेमा ऐनको व्यवस्था विपरीत नियुक्ति गरी भुक्तानी भुक्तानी गर्नु उचित र नियमसँगत देखिएन।

| पद | नियुक्ति संख्या |
|---|---|
| ईन्जिनियर | १ |
| हे अ | १ |
| अनमि | १९ |
| अहेव | ३ |
| सव ईन्जिनियर | २ |
| **जम्मा** | **२६** |

सैद्धान्तिक बेरुजु

२९ **प्रशासनिक संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित २८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत १ जना, सहायक पाँचौ ६ जना, सब इन्जिनियर सहित १८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३० **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९ को दफा ७(ख)२ अनुसार तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ |पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ रू.१,५४,९९,४६३।- र पालिका चालुमा रू.१,६७,७०,९८५।- समेत रू.३,२२,७०,४४८।- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **कर्मचारी कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो बमोजिम अवकाश कोष स्थापना गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

३२ **करार कर्मचारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेक्षण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ । कार्यालयले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रू.१,५५,४०,२७४।- लाख खर्च गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३३ **भ्रमण खर्च -** नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नं, भ्रमणमा खटिनेको नाम र दर्जा, खटिएको स्थान, मिति समेत खुल्ने स्थान र बस तथा जिपको टिकट समेत गरी अनुसुचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखवाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले बिश्वसनिय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अनुगमनमा रू.२४ लाख २८ हजार र

भ्रमण खर्च रू.१७ लाख २२ हजार गरी जम्मा रू.४१ लाख ५० हजार खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित गरेर राखेको पाईएन । भ्रमण खर्च भिडान हुने गरी अभिलेख खाता राखी आन्तरिक नियन्त्रण प्रणाली सुधार गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३४ **कर्मचारी प्रोत्साह भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कार्यपालिकाको निर्णयको आधारमा आन्तिरक आय रू.२६,२५,६५०।८८ को १२.५० प्रतिशत रू.३,२७,९४६।- प्रोत्साहन भत्ता खर्च गरेको छ । ऐनको अधिनमा रही आन्तरिक आय समेतलाई विचार गरी प्रोत्साहन भत्ता खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **निजी सचिव -** कोशी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा ३(३) अनुसार गाँउपालिकाको हकमा अध्यक्ष र उपाध्यक्षले पालिकाको राजस्व र आन्तरिक आय एंव कार्यालयको कार्यवोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम १/१ जना कर्मचारीलाई निजि सचिवको रुपमा राख्न सक्ने र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाको आन्तरिक आम्दानी रू.२६,२५,६५०।८८ मात्र भएकोमा पालिका अध्यक्ष र उपाध्यक्षको निजि सचिवका रुपमा क्रमस श्री लोकप्रिय सुनुवारलाई मासिक रू.३०,०००।- र श्री मेनुका दाहाललाई मासिक रू.२५,०००।- दिने गरी २०७९ फाल्गुन महिना देखी नियुक्ति गरी २०८० अषाढ मसान्तसम्म रू.२,७५,०००।- भुक्तानी गरेको देखिन्छ। पालिकाको आन्तरिक आय तथा स्वीकृत कर्मचारी दरवन्दी समेतलाई विचार गरी निजि सचिव राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **अनुगमन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ तथा पदाधिकारी सेवा सुविधा ऐन २०७५ र संशोधन २०७६ मा पदाधिकारीले स्थानीय तहमा अनुगमन गरे मासिक सुविधा वापत अनुगमन खर्च मासिक अनुगमन प्रतिवेदन पेश गरेर मात्र खर्च लेख्न सक्ने व्यवस्था रहेको छ । ऐनको व्यवस्था बमोजिम अनुगमन प्रतिवेदन समावेश नगरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष र कार्यपालिका सदस्य समेत १६ जनालाई अनुगमन भत्ता रू.७,६४,०००।- भुक्तानी गरेको छ। ऐन अनुसार अनुगमन प्रतिवेदन समावेश गरी अनुगमन भुक्तानी गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **शीर्षक फरक पारि खर्च -** खर्च स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाउँपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरे वमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने र दफा ७३(७ ) मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शीर्षक वाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिम शीर्षक फरक पारी रू.१६,५१,३९३।- खर्च गरेको छ । शीर्षक फरक पारी खर्च गरेको नियमसम्मत देखिएन रू.

| भौ. नं. र मिति | विवरण | खर्च लेखुपर्ने शीर्षक | लेखेको शीर्षक | रकम |
|---|---|---|---|---|
| ७४।०७९।७।२३ | करार कर्मचारीलाई पारिश्रमिक भुक्तानी | २२४१३ | २११११ | ३२१९८७ |
| १०३।०७९।८।२५ | | | २११११ | २४६०९५ |
| ३१३।०७९।११।२५ | | | २११११ | ३७७१३७ |
| ३७१।०७९।१२।२७ | | | २११११ | ३५३०८७ |
| ३१५।०७९।११।२५ | | | २११११ | ३५३०८७ |
| **जम्मा** | | | | **१६५१३९३** |

| अनियमित भएको | १६,५१,३९३ |
|---|---|

३८ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले निम्नानुसार स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयमा गत विगतदेखि नै कार्यरत शिक्षक तथा कर्मचारीलाई वित्तीय समानीकरण अनुदानबाट रू.६४,०४,८६७।- तलब भत्ता निकासा गरेको देखियो । आन्तरिक आय रू.२६,७६,१०६।८८ मात्र रहेको र O & M गरेर दरबन्दी स्वीकृत नभएको अवस्थामा पुँजीगत खर्चको लागि विनियोजित रकमबाट तलब भत्ता खर्च लेखु उचित र नियमसँगत होइन ।

| भौ. नं./मिति | विद्यालय संख्या | निकासा रकम |
|---|---|---|
| २।०७९।६।९ | ११ | १९१८००० |
| ४।०७९।६।१२ | १ | १००००० |
| ११।०७९।९।२१ | १२ | १४८९२०० |
| २५।०७९।१२।२८ | १४ | १४७३००० |
| ३९।०८०।३।१८ | १२ | १४२४६६७ |
| | | **६४०४८६७** |

| सैद्धान्तिक बेरुजु |
|---|

३९ **प्रमाण पेश हुनुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९.५ मा खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकले विद्यालयहरुलाई निम्नानुसार रू.१५००००।- फर्निचर खरिदको लागि निकासा गरेकोमा फर्निचरको जिन्सी दाखिला समावेश भएको देखिएन । खरिद भएका सामानहरु विद्यालयमा जिन्सी दाखिला गरी आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्ने रू.

| गो. भौ./विद्यालय | विवरण | रकम रू. |
|---|---|---|
| ७।२०८०।३।१४/श्री सिँहदेवि आ वि मोलुङ १ | डेस्क ७ वटा, वेन्च ७ वटा, कूर्सि डल्फिन १८ वटा, अफिस दराज १ वटा र कार्पेट १० मिटर | ५०००० |

*.......... (प्रारम्भिक प्रतिवेदन उपर विद्यालयले जिन्सी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ मा रू.५०,०००।- र मिति २०८०।१२।१७ मा रू.५०,०००।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

४० **प्रमाण पेश हुनुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९.५ मा खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकावाट गोश्वारा भौचर नं. ७।०८०।३।१४ वाट ७ वटा ल्यापटप र ७ वटा प्रिन्टर रू.६,४४,२६९।- मा खरिद गरी भुक्तानी भएकोमा उक्त सामाग्रीहरुलाई ७ वटा स्वास्थ्य चौकिमा हस्तान्तरण गरेको देखिन्छ। पालिका मातहतमा रहेका स्वास्थ्य चौकीमा हस्तान्तरण भै मौज्दात घटाएकोमा सहायक जिन्सी खातामा अभिलेख राखी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा समेत अद्यावधिक गरी पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४४,२६९ |

४१ **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त विवरण अनुसार खाजा खाना खर्च (विविध खर्च) मा पालिकाको आन्तरिक आय रू.२६,२५,६५०।८८ को २८.५२ प्रतिशत रू. ७,४८,९००।- खर्च गरेको छ । विविध खर्चको मापदण्ड तयार गरी विविध खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४२ **अन्तरपालिका भ्रमण खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३८ मा बजेट कार्यक्रमको सम्वन्धित कार्यमा खर्च गर्नुपर्ने र दफा ३९.५ मा खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले गोश्वारा भौचर नं. ४६८।०८०।२।२९ बाट अन्तरपालिका भ्रमण कार्यक्रममा रू.१,००,१८५।- खर्च गरेको छ । कार्यक्रमको उद्देश्य, उपलब्धी र उपयोग सुनिश्चित गरी कार्यक्रम निर्धारण गरेर कार्यान्वयन गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४३ **इन्धन खर्च -** कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रू.१३,५६,५०५। खर्च गरेको छ। पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अध्यावधिक अभिलेख समेत राखेको पाइएन । प्रत्येक सवारी साधनको

प्रयोगको अध्यावधिक लगबुक राखि सम्बन्धी पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा लगबुक अध्यावधिक राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाई खर्च गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

४४ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रू.१०,००,०००।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.२६,२५,६५०।- को ३८.०८ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने -** यस वर्ष गाउँपालिका र नेपाल रेडक्रस सोसाइटीबिच कुल रू.१,२५,८३,०२७।८९ लागतको निम्न दुई खानेपानी योजना २०८०।३।१५ भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । आयोजना कार्यान्वयनको लागि विनियोजन भएको रू.१८,४७,०००।- र खानेपानी तथा कूलो मर्मत सम्भारको रू.३ लाख समेत रू.२१,४७,०००।- बजेट कार्यान्वयन गर्न सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ उपनियम १क अनुसार कमला पोलिथिन एण्ड प्लास्टिक इन्डष्ट्रिज प्रालि, जनकपुरवाट रू.१८,३७,४९१।८७ र नियम ८५(१(क)) अनुसार प्रशान्त एण्ड प्रज्वल हार्डवेयर सप्लायर्सबाट रू.२,८८,१५०।- समेत गोश्वारा भौचर नं. २३८।०८०।३।२४ बाट रू.२१,२५,६४१।- भुक्तानी भई निम्नानुसार रू.१७,७५,७१५।१४ रेडक्रससँगको सहकार्यको कार्यक्रममा हस्तान्तरण भएको छ । सम्झौता अनुसार खरिद भै हस्तान्तरण भएकोमा नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

| क्र.सं. | खानेपानी आयोजना योजनाको नाम | कुल लागत | गाउँपालिकाको लगानी | हस्तान्तरण मिति | खर्च |
|---|---|---|---|---|---|
| १ | खहरे खस्रेनी (रेडक्रससँग साझेदारी) | ७६७८९७९.३० | १५११८११.६८ | ०८०।२।१६<br>०८०।२।१६<br>२०८०।३।३ | ११८७६०५.२९<br>२९९५९.८५<br>२८८१५०.०० |
| २ | घ्याम्पा पोखरी (रेडक्रससँग साझेदारी) | ४९०४०४८.५९ | ३९७०८६.५२ | | |
| | **जम्मा** | **१२५८३०२७.८९** | **१९०८८९८.२०** | | **१७७५७१५.१४** |

| प्रमाण पेश नगरेको | १७,७५,७१५ |
|---|---|

४६ **मर्मत खर्च -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मतगर्दा सम्बन्धित विशेषज्ञबाट लागगत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं.४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी

साधन मर्मतमा रू.२१,५१,४१५।- खर्च गरेको छ । लागत अनुमान स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता (म.ले.प.फा.नं. ४१५) तयार गरी खर्च मितव्ययी हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **पेस्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेस्की दिने र फस्यौंट गर्ने व्यवस्था रहेको छ । पालिकामा गत आर्थिक वर्षको फस्यौंट हुन बाँकी पेस्की रू.२,०६,२५,६५०।७९ रहेको छ । चालु आर्थिक वर्षमा विभिन्न निर्माण व्यवसायी, संस्था र कर्मचारीलाई रू.२२,८३,८६३।- र गत वर्षको पेस्की रू.२,०६,२५,६५०।७९ समेत रू.२,२९,०९,५१३।७९ पेस्की दिएकोमा सो मध्ये यस वर्ष म्याद नाघेका पेस्की रू.२२,८३,८६३।- आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई बाँकी रहेको देखियो। फस्यौंट गर्न वाँकी रहेको पेस्की नियमावलीको व्यवस्था अनुसार फस्यौंट गर्नुपर्ने देखिएको रू.

| सि. नं. | पेस्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम | चालु आर्थिक वर्ष | | गत आ.व.सम्मको |
|---|---|---|---|---|
| | | म्याद ननाघेको | म्याद नाघेको | |
| १ | विवस इन्टरनेशनल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ० | ० | ११०३९२८८ |
| २ | एरो नेट प्रा.लि | ० | २५७००० | ० |
| ३ | एरो नेट प्रा.लि | ० | ७८३००० | ० |
| ४ | श्री जलजलेश्वर गुरुकुल वेद विद्याश्रम माध्यमिक विद्यालय | ० | ७६८०० | ० |
| ५ | हिमाली सामुदायिक सिकाइ केन्द्र | ० | २००००० | ० |
| ६ | देउराली देखि प्रहरी चौकी सडक निर्माण | ० | ० | १४४००० |
| ७ | घट्टेखोला घलेगाउँ उपभोक्ता समिति | ० | ० | ५२८३६०.८१ |
| ८ | घट्टेखोला भुलभुले उपभोक्ता समिति | ० | ० | ४८९०१३.८६ |
| ९ | सेप्ली झरना उपभोक्ता समिति | ० | ० | ६७५००० |
| १० | सेप्ली झरना उपभोक्ता समिति | ० | ० | १२३८८.१२ |
| ११ | राँगादिप क्षेत्र बाटो निर्माण | ० | ० | ५७६०० |
| १२ | सुर्के सडक निर्माण योजना उपभोक्ता समिति | ० | ६७२०० | ० |
| १३ | बुङकाती चिउरीबोटे सिँचाई जल उपभोक्ता संस्था | ० | ११०५३५ | ० |
| १४ | बुङकाती चिउरीबोटे सिँचाई जल उपभोक्ता संस्था | ० | ११०५३५ | ० |
| १५ | बुङकाती चिउरीबोटे सिँचाई जल उपभोक्ता संस्था | ० | १६५८५८ | ० |
| १६ | बुङकाती चिउरीबोटे सिँचाई जल उपभोक्ता संस्था | ० | ११०५३५ | ० |
| १७ | खहरे खस्रेनी मोटर बाटो मर्मत | ० | ३८४०० | ० |

| | | | | |
|---|---|---|---|---|
| १८ | घट्टेखोला पानीघट्टा निर्माण उपभोक्ता समिति | ० | २८८०० | ० |
| १९ | लिस्पु चिउरीबोट सडक स्तरोन्नती उपभोक्ता समिति | ० | १२४८०० | ० |
| २० | घट्टेखोला पुलमा जाने बाटोमा घेराबारा निर्माण योजना | ० | ३८४०० | ० |
| २१ | जरायोटार डिलदेखी जलजलेश्वर मन्दिर सडक निर्माण योजना | ० | ९५२०० | ० |
| २२ | सयमुरे देखि मड्केना प्रतिक्षालय जोड्ने सडक | ० | ७६८०० | ० |
| २३ | तेजबहादुर सुनुवार | ० | ० | ३०००० |
| २४ | इन्द्र बहादुर धमला खत्री | ० | ० | ३०००० |
| २५ | गणेश दाहाल | ० | ० | ३०००० |
| २६ | गणेश बहादुर विश्वकर्मा | ० | ० | ३०००० |
| २७ | ग्याल्जे शेर्पा | ० | ० | ३०००० |
| २८ | गेलु शर्पा | ० | ० | ३०००० |
| २९ | तेज प्रसाद फुयल | ० | ० | ३०००० |
| ३० | प्रेम ध्वज राई | ० | ० | ३०००० |
| ३१ | पाण्डप तामाङ | ० | ० | ३०००० |
| ३२ | भवमाया बस्नेत | ० | ० | ३०००० |
| ३३ | मंगल बहादुर मगर | ० | ० | ३०००० |
| ३४ | याङ्दी शेर्पा | ० | ० | ३०००० |
| ३५ | रिता बहादुर राइ | ० | ० | ३०००० |
| ३६ | विदुर तामाङ | ० | ० | ३०००० |
| ३७ | शेर बहादुर पहरी | ० | ० | ३०००० |
| ३८ | शारदा भूजेल | ० | ० | ३०००० |
| ३९ | विवस इन्टरनेशनल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ० | ० | ७२००००० |
| | **जम्मा** | ० | **२२८३८६३** | **२०६२५६५०.७९** |
| | **कुल जम्मा** | | | **२२९०९५१३.७९** |

| | |
|---|---|
| पेस्की | २२,८३,८६३ |

४८ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २०४१९७९१५ | २६२५६५० | १.२९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२९ प्रतिशत मात्र रहेको छ । पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४९ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.२५,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू.२६,२५,६५०।- अर्थात अनुमान भन्दा ५.०२ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

५० **राजश्व अभिलेख -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाईएन । कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानुनी प्रकृया पुरा गरी समयमै दाखिला भएको छ भन्ने अवस्था रहेन । पालिकाले प्रकृयामा सुधार गरी राजश्व आम्दानी व्यवस्थित हुनु पर्दछ ।

- व्यवसाय कर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले व्यवसाय कर संकलन गरेको अध्यावधिक विवरण पेश गरेको छैन । पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।
- राजश्व अभिलेख पालिकाबाट यस वर्ष आन्तरिक आय रू.२६,२५,६५०।- प्राप्त गरेकोमा सेवा प्रवाहसँग भिडान हुने गरी राजश्व सम्बन्धी म.ले.प. फा. नं. नराखेको र प्राप्त आम्दानी तथा प्राप्त हुनुपर्ने आम्दानी सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा यकिन हुन सकिने अवस्था छैन ।

सैद्धान्तिक बेरुजु

५१ **रसिद नियन्त्रण -** कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा गत वर्षको जिम्मेवारी सहितको अद्यावधिक अभिलेख पालिकामा आएको देखिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असुलीलाई स्वचालित प्रणालीमार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

५२ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५, ५७, ५८ र ५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट रकम रू. | प्राप्त रकम रू. |
|---|---|---|
| भुमिकर/मालपोत | १०००००० | ७२२८६०.५ |
| अन्य राजस्व | १५००००० | १९०२७९०.३८ |
| **जम्मा** | **२५००००००** | **२६२५६५०.८८** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५३ **निरीक्षण नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाईएन । कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानुनी प्रकृया पुरा गरी समयमै दाखिला भएको छ भन्ने अवस्था रहेन । पालिकाले प्रकृयामा सुधार गरी राजश्व आम्दानी व्यवस्थित हुनु पर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५८** मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले व्यवसाय कर संकलन गरेको अध्यावधिक विवरण पेश गरेको छैन । पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **बिल भर्पाई -** पालिकाको आन्तरिक लेखापरीक्षण शाखाको चलानी नं.१५६ मिति २०८०।५।१९ को प्रतिवेदनमा उल्लिखित दफा ६ मा समावेश गौश्वारा भौचर नं.३२३।११।२८ वाट रू.४,७१,५४९।- डेभियन इन्टरप्राइजेजबाट खरिद समितिको निर्णय वेगर खरिद भएको सामानको जिन्सी दाखिला तथा वितरण भरपाई पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७१,५४९ |

५५ **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । पारदर्शी तवरले वास्तविकता र आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरी वितरणमुखी खर्च नियन्त्रण गर्नु पर्दछ । साथै ईन्डक्शन चुलो वितरणको भर्पाई पेश गर्नुपर्ने देखिएको रू.

| भौ. नं. र मिति | विवरण | खर्च |
|---|---|---|
| ४१।२०८०।३।२१ | ईन्डक्शन चुलो २६ थान मौज्दातमा रहेको | ४३५०५० |
| २८४।०७९।१०।२३<br>४५०।०८०।२।९ | गाउँपालिका भित्रका नवजात शिशुलाई जन्म पश्चात रू.५,०००।- सहितको नोमिनल खाता खोलि बचतमा सहभागिता कार्यक्रम अन्तर्गत ३९ जनालाई वितरण | १९५००० |
| ३८९।०७९।१२।२९ | सुत्केरी भेट कार्यक्रम अन्तर्गत न्यानो कपडा हर्लिक्स, घिउ लगायतका सामान खरिद गरी ५० जनालाई वितरण | १००००० |
| ५०४।०८०।३।१३ | सुत्केरी भेट कार्यक्रम ११ जनालाई वितरण | ५५००० |
| | **जम्मा** | **७८५०५०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३५,०५० |

५६ **स्थानीय भत्ता -** सामान्य प्रशासन मन्त्रालयको च.न २१७ मिति २०७४।१।२५ को परिपत्र अनुसार करारमा कार्यरत स्विकृत दरबन्दि भित्र करारमा कार्यरत कर्मचारिलाई स्थानीय भत्ता दिन मिल्ने देखिदैन । देहायका करारमा कार्यरत १ रोजगार संयोजक सहित ४५ कर्मचारीहरुलाई यस वर्ष रू.१२,७९,३२०।- स्थानीय भत्ता भुक्तानी दिएको हुँदा उक्त खर्च नियम सम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १२,७९,३२० |

५७ **ससर्त शिक्षातर्फ**

५७.१ **शिक्षक दरबन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३७ सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| विद्यालय | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| ३७ | २१४ | २१३ | ७३ | ४५१४ |

पालिकाले यस वर्ष आफ्नो मातहतको ३७ विद्यालयको स्थायी शिक्षकको तलबी प्रतिवेदन पारित गराई तलब भत्तामा रू.११,५५,७६,०००।- खर्च गरेको छ। पालिकाले शिक्षकको सरुवा, बढुवा, अवकास, राजिनामा, आन्तरिक तथा अन्तर पालिका सरुवा लगायतका विवरण अध्यावधिक गरी राखेको छैन । पालिकाले तलब भत्ता निकासा गर्नको लागि विवरण अध्यावधिक गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७.२ **विद्यालय अनुगमन -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन । अनुदान निकासा रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ पालिकाले अनुगमन गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७.३ **विद्यालयगत निकासा रजिष्टर -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार विद्यालयलाई निकासा दिएको अनुदान भिडान हुने गरी विद्यालयगत रुपमा निकासा रजिष्टर राख्नु पर्दछ । पालिकाले विद्यालयगत निकासा रजिष्टर खाता राखी अनुदान निकासा दिने प्रणालि अवलम्वन गरेको देखिएन । अनुदान रकम नियन्त्रण गर्न विद्यालयगत निकासा अभिलेख राख्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७.४ **खर्चको सुनिश्चितता -** स्थानीय र प्रदेश तहमा ससर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइवाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा सामुदायिक सिकाई केन्द्र तथा धार्मिक विद्यालय सञ्चालनको लागि सञ्चालन अनुदान बापत निकासा गरेको रकमबाट तोकिएको कार्यमा खर्च गरे नगरेको सम्बन्धमा अध्ययन केन्द्रको वार्षिक प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन र संस्थाको लेखापरीक्षण प्रतिवेदन समेत लिनुपर्ने व्यवस्था छ । कार्यालयबाट निकासा दिएको निम्नानुसारको अनुदान रकमबाट तोकिएको कार्यक्रम सञ्चालन गरी खर्च गरेको तथा संस्थाको लेखापरीक्षण प्रतिवेदन समेत लिई खर्चको सुनिश्चितता हुनुपर्ने रू.

| क.सं. | सामुदायिक सिकाई केन्द्रको नाम | खर्च रू. |
|---|---|---|
| १. | हिमाली सामुदायिक सिकाई केन्द्र | २००००० |
| २. | लोकतान्त्रिक सामुदायिक सिकाई केन्द्र | २००००० |
| ३. | जनजाति उत्थान सामुदायिक सिकाई केन्द्र | ९६००० |
| ४. | जलजलेश्वर गुरुकुल देव | १०००००० |
| | **जम्मा** | **१४९६०००** |

| प्रमाण पेश नगरेको | १४,९६,००० |
|---|---|

५७.५ **शिक्षक विद्यार्थी अनुपात -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | शिक्षक विधार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | Baruneshwar Secondary School | ३६ | ३५ | १४ | ७०८ | १९.७ |
| २ | Ganesh Secondary School Dhuske | १७ | १७ | १ | २०९ | १२.२९ |
| ३ | Gramodaya Basic School Tekanpur | ४ | ४ | ० | ९४ | २३.५ |
| ४ | Prabhu Basic School | १ | १ | ० | ११ | ११ |
| ५ | Kalika Basic School | २ | २ | ० | ३२ | १६ |
| ६ | Sunawati Basic School | ३ | ३ | १ | ७३ | २४.३ |
| ७ | Grambikas Basic School MajhKharka | २ | २ | ० | ५१ | २५.५ |
| ८ | Singhadevi Basic School | २ | २ | ० | ४३ | २१.५ |
| ९ | Jeevan Pradip Secondary school Harkapur | १२ | १२ | ३ | २८४ | २३.६७ |
| १० | Champadevi Basic School | ७ | ७ | ३ | ११२ | १६ |
| ११ | Belichameli Basic School Jarayatar | १ | १ | १ | २२ | २२ |
| १२ | Jalpadevi Basic School Ghalegaun | १ | १ | १ | २४ | २४ |
| १३ | Jaljaleshwor Gurukul Ved Bidhyashram Secondary School | ५ | ५ | २ | ११५ | २३ |
| १४ | Jalakanya adhabhut school jhagarpur | २ | २ | ० | ४१ | २०.५ |
| १५ | Singhadevi Basic School Thapachaur | २ | २ | ० | २२ | ११ |
| १६ | Saraswati Secondary School | १५ | १५ | ६ | २३२ | १५.४७ |
| १७ | Kuntadarshan Basic School Dhakalgaun | ३ | ३ | २ | ४२ | १४ |
| १८ | Patle Secondary School | ५ | ५ | २ | २७८ | ५५.६ |
| १९ | Balbalika Basic School | ३ | ३ | १ | ९७ | ३२.३३ |
| २० | Jese Secondary School | १० | १० | २ | १८२ | १८.२ |
| २१ | Bhumesthan Basic School | २ | २ | ० | ३० | १५ |
| २२ | Janakalyan Basic School | २ | २ | १ | १९ | ९.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | Panchakanya Basic School | १ | १ | १ | २५ | २५ |
| २४ | Bhumedevi Basic School | २ | २ | १ | २८ | १४ |
| २५ | Shivaduti Secondary School | २३ | २३ | १२ | ५४२ | २३.५७ |
| २६ | Rangadip Secondary School | ९ | ९ | ५ | १९२ | २१.३३ |
| २७ | Bhanu Basic School | २ | २ | ० | ६ | ३ |
| २८ | Janajyoti Basic School | ३ | ३ | १ | ५५ | १८.३३ |
| २९ | Jharna Basic School | १ | १ | १ | ५ | ५ |
| ३० | Bindabasini Basic school Bildu | ३ | ३ | १ | ६२ | २०.६७ |
| ३१ | Janga Basic School | ३ | ३ | ० | २९ | ९.७ |
| ३२ | Janasahayog Basic school patkari | २ | २ | २ | ४५ | २२.५ |
| ३३ | Shahidpeshal Basic School | ३ | ३ | २ | ७६ | २५.३ |
| ३४ | Shree Singhadevi Basic School chepte | ५ | ५ | १ | १९३ | ३८.६ |
| ३५ | Kalika Secondary School | १३ | १३ | ४ | ४४३ | ३४.१ |
| ३६ | Janakalyan Basic School | २ | २ | २ | २९ | १४.५ |
| ३७ | ShreeChuchedhunga Basic | ५ | ५ | ० | ६३ | १२.६ |
| | **जम्मा** | **२१४** | **२१३** | **७३** | **४५१४** | **२१.१९** |

पालिकाले पालिका भित्रका विद्यालयको विधार्थी संख्याका आधारमा विवरण अध्यावधिक गरी विद्यालय मर्ज लगायतका कार्य गर्नु पर्दछ साथै दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७.६ **व्यवहारीक अभ्यास -** स्थानीय र प्रदेश तहमा ससर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइवाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार शिक्षण सिकाई सामग्री तथा ल्याव असिस्टेन्ट, ल्याव सामाग्री र उपकरणको लागी कक्षा ९-१२ का विद्यार्थीहरुलाई प्रति विद्यार्थी रू.१५,०००।- का दरले निकासा गर्ने र विद्यालयले विद्यार्थी निर्वाह खर्चका लागी व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागी प्रति विद्यार्थी रू.१,०००।- का दरले सम्वन्धित विद्यार्थीको बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । श्री वरुणेश्वर मावि, रामपुर र शिवदुति मावि, प्राप्चा समेतमा १९४ जनाको रू.१५,०००।- का दरले जम्मा रू.२७,८४,६०४।- निकासा गरिएको छ । विद्यार्थी निर्वाह खर्चका लागी व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागी सम्वन्धित विद्यार्थीको बैंक खातामा रू.१,०००।- का दरले १९४ जना विद्यार्थीलाई रू. ७,८०,०००।- जम्मा गरेको छैन । व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीको बैंक खातामा रकम जम्मा गरी निर्देशिकाको पालना गरेको प्रमाण पेश गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | ७,८०,००० |
|---|---|

५७.७ **पाठ्यपुस्तक वितरण -** कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.४.६.१ अनुसार शिक्षा अधिकारीवाट एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS), प्रमाणित सत्यापन, विद्यार्थीले पुस्तक प्राप्त गरेको भरपाई, खरिद विल भरपाई लगायत भएको सुनिश्चितता गरी निकासा भुक्तानी गरी सोको कार्यान्वयन सम्वन्धमा पालिकाले अनुगमन समेत गर्नु पर्दछ । पालिकाले निम्नानुसार विद्यालयलाई पाठ्यपुस्तक अनुदान निकासा दिएकोमा लेखापरीक्षणको क्रममा खरिद विलमात्र पेश भएकोले विद्यालयले पाठ्यपुस्तक वितरण गरेको भर्पाई पेश गर्नुपर्ने रू.

| सि.नं. | विद्यालयको नाम | ११ | १२ | कुल जम्मा |
|---|---|---|---|---|
| १ | वरुणेश्वर माध्यमिक विद्यालय | ३२७४२ | ३९९०४ | ७२६४६ |
| २ | गणेश माध्यमिक विद्यालय धुस्के | १८९४ | १९०० | ३७९४ |
| ३ | जिवन प्रदिप माध्यमिक विद्यालय हर्कपुर | | | ९१४७ |
| ४ | कालिका मा. वि. | ११६३५ | १४२५१ | २५८८६ |
| | **जम्मा** | | | १११४७३ |

*........... (प्रारम्भिक प्रतिवेदन उपर विद्यालयले पाठ्यपुस्तक वितरण गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।४ को निर्णयानुसार रू.६८,१५०।- र मिति २०८०।१२।१७ को निर्णयानुसार रू.७,६००।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,११,४७३ |

५७.८ **पाठ्यपुस्तक बढी निकासा -** कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.४.६.१ अनुसार शिक्षा अधिकारीवाट एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS), प्रमाणित सत्यापन, विद्यार्थीले पुस्तक प्राप्त गरेको भरपाई, खरिद विल भरपाई लगायत भएको सुनिश्चितता गरी निकासा गर्नु पर्दछ । लेखापरीक्षणमा पेश भएको विवरण अनुसार देहाय बमोजिम विद्यालयको हाजिर, विल भरपाई तथा IEMIS परिक्षण गर्दा भुक्तानी गरेको रकम भन्दा कम रकमको पाठ्यपुस्तक मात्र विद्यार्थीलाई वितरण गरेको देखियो । विद्यार्थीलाई वितरण नगरेको पाठ्यपुस्तकको रकम रू.१,८३,४११।- विद्यालयबाट फिर्ता गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रू.

| सि. नं. | विद्यालय | जम्मा भुक्तानी हुनुपर्ने | ७५.००% | नपुग | भुक्तानी भएको | बढी |
|---|---|---|---|---|---|---|
| १ | बरुणेश्वर मावि | ३४२६१८ | ३०००४० | ९५१४५ | ३९५१८५ | ५२५६७ |
| २ | जीवन प्रदीप मावि हर्कपुर | १८७७५५ | १५२७६३ | ३६३३६ | १८९१०० | १३४४ |
| ३ | सरस्वती मावि | १२०४१४ | ९९७६४ | ३२५६३ | १३२३२७ | ११९१२ |
| ४ | पाटले माध्यमिक विद्यालय | १४७९९६.६ | १३२८१३ | ३२०८२ | १६४८९६ | १६८९९ |
| ५ | शिवदुती मावि | २००३४८ | १९६४२६ | ४१७०९ | २३८१३६ | ३७७८७ |
| ६ | जनज्योति आधारभूत विद्यालय | १६४१९ | १७८८३ | ६९४० | २४८२४ | ८४०४ |
| ७ | बिन्दवासिनी आधारभूत विद्यालय बिल्दु | २३५७९ | २०३४८ | ४४४८ | २४७९७ | १२१८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | शहिदपेशल आधारभूत विद्यालय | २५६७३ | २७३८९ | ० | २७३८९ | १७१६ |
| ९ | कालिका मावि | २४४३९८ | २१३०६७ | ४८८५८ | २६१९२६ | १७५२७ |
| १० | श्रीचुचेढुङ्गा आधारभूत | १५२४२ | १४१९८ | २७३७ | १६९३६ | १६९३ |
| | **जम्मा** | १३२४४४३ | ११७४६९१ | ३००८१८ | १४७५५१६ | १५१०६७ |

*........... (प्रारम्भिक प्रतिवेदन उपर ४ वटा विद्यालयबाट असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१७ को निर्णयानुसार रू.३२,३४४।- सम्परीक्षण मनासिब देखि फर्स्योट गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५१,०६७ |

५७.९ **दिवा खाजा** - स्थानीय र प्रदेश तहमा ससर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइवाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप सि.नं. २.७.११.१ अनुसार दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ मा उल्लिखित मापदण्ड अनुसार हुने गरी विद्यालयलेनै दिवा खाजा खुवाएको देखिने गरी विद्यार्थी हाजिरी र सो अनुसार भरपाई समावेश गरी दिवा खाजा खर्च निकासा गर्नु पर्दछ । विद्यालयले पेश गरेको दिवा खाजा वितरणको भरपाई परीक्षण गर्दा पालिकाले विभिन्न विद्यालयलाई रू.५४,८०,०००।- निकासा दिएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका र मापदण्ड विपरित विद्यालयले विद्यार्थीलाई नगदै वितरण गरेको भरपाई देखिएकोले पालिकाले दिवा खाजा विद्यालयमा नै खुवाउने व्यवस्था गरी कार्यान्वयन अवस्था अनुगमन गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५७.१० **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले यस वर्ष स्यानेटरी प्याड खरिद शीर्षकमा रू.५ लाख ४० हजार बजेट विनियोजन गरिएकोमा खरिद गरी वितरण गरेको देखिएन । स्यानेटरी प्याड वितरण नगर्नाले राज्यले प्रदान गरेको सेवा प्राप्त गर्न छात्राहरु बन्चित भएको देखिन्छ । पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा सेनिटरी प्याड खरिद गरी वितरण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५७.११ **छात्रवृत्ति** - सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि गैर आवासिय छात्रवृति अनुदानको सम्बन्धमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाव नं. ४.२ मा IEMIS मा प्रविष्ट तथ्यांकलाई विद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन प्रमाणित गरी सोका आधारमा छात्रवृत्ति रकम अनुदान दिनुपर्ने व्यवस्था छ। कार्यालयले देहाय बमोजिमका विद्यालयलाई भुक्तानी गरेको रकम भन्दा कम मात्र विद्यार्थीलाई वितरण गरेको देखियो। विद्यार्थीलाई वितरण गरेको भन्दा बढी अनुदानको रकम रू.४४,८००।- सम्बन्धित विद्यालयबाट फिर्ता गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रू.

✍ .......... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को निर्णयानुसार रू.२०००।- र मिति २०८०।१२।४ को निर्णयानुसार रू.४००।- को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)*

| असुल गर्नुपर्ने | ४२,४०० |
|---|---|

**(विस्तृत विवरण बेरूजु दफा ५७.११ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५८ **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका विभिन्न ७ बर्थिङ सेन्टरमा गत वर्ष १०० थानको रू.८९,९९०।- र यस वर्ष १०० थान को रू.७९,७९९।- खरिद गरेकोमा ४८ महिला प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका विगतको समेत १५२ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५९ **ल्याव व्यवस्थापन खर्च -** संघीय ससर्त तर्फ कक्षा ११ को ल्याव व्यवस्थापन गर्न लागत अनुमान रू.१७,९९,७११।०७ तयार गरी शिलवन्दी दरभाउपत्रवाट घटी कवोलकर्ता विनोद इलेक्ट्रीक सेन्टर, ओखलढुङ्गासँग २०८०।३।३० मा रू. १६,१२,०१२।८० मा सम्झौता गरी गोश्वारा भौचर ४७।०८०।३।२४ वाट रू.१५,१४,३८०।- भुक्तानी गरी शिवदुति मा.वि. प्राप्चामा हस्तान्तरण गरेको देखियो । विद्यालयले सञ्चालन गरेको ल्याव उपयोग अवस्था सम्वन्धमा पालिकावाट अनुगमन गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६० **औषधी खरिद -** उपभोक्तालाई सहज सेवा, औषधी तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वयन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाले औषधीजन्य मालसामान सार्वजनिक खरिद कानुनमा उल्लिखित व्यवस्था समेत समावेश गरी खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ जारी गरेको छ । यस वर्ष आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिदतर्फ पालिकाको स्रोतवाट रू.२० लाख र संघीय ससर्ततर्फ रू.१३,६०,०००।- समेत कुल रू.३३,६०,०००।- बजेट विनियोजन भएको छ । गाउँपालिका तर्फ लागत अनुमान रू.१९,९३,३०९।८३ को औषधी खरिद रू.६,४९,६३९।- मा प्राप्त भै वचत भएको बजेट र संघीय ससर्तको बजेट समेतको आधारमा पुनः रू.२१,००,४७५।३३ को लागत अनुमान तयार गरी रू.१०,०४,८३१।- मा खरिद कार्य सम्पन्न भएको छ । खरिदको विड डकुमेन्टमा औषधी तथा मेडिकल उपकरणको लागि आवश्यक गुणस्तर तथा मापदण्ड सम्वन्धि व्यवस्था समावेश गरेको छैन। वोलपत्र सम्वन्धि कागजात तयार गर्दा स्वास्थ्य मन्त्रालय, औषधी व्यवस्था विभाग तथा

विश्वस्वास्थ्य संगठनले निर्धारण गरेका गुणस्तरका मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी आवश्यक औषधी तथा मेडिकल उपकरण प्रतिशपर्धात्मक तवरले खरिद गर्नु पर्दछ ।

| क्र.सं. | स्रोत | आइटम संख्या | लागत अनुमान | सम्झौता रकम र मिति | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका | ८० | १९९३३०९.८३ | २०७९।९।८ मा रू.७३४४५१.३१ | ६४९६३९.०० |
| २ | संघीय ससर्त | ५९ | २१००४७५.३३ | २०८०।१।२७ मा रू. १०८०७३२.०० | १००४८३१.०० |
| | | जम्मा | ४०९३७८५.२ | १८१५१८३.३ | १६५४४७०.० |

सैद्धान्तिक बेरुजु

६१ **औषधी र औषधीजन्य उपकरणको मौज्दात -** औषधीजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ को परिच्छेद २ मा आपूर्ति व्यवस्थापन सम्वन्धि व्यवस्था गुणस्तर, वितरण, भण्डारण, अभिलेख तथा प्रतिवेदन र विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली प्रयोग, स्वास्थ्य सामाग्रीको विवेकपूर्ण उपयोग लगायत विषय समावेश रहेको छ । गाउँपालिकाको स्वास्थ्य महाशाखामा रहेको जिन्सी अभिलेख अनुसार ७ आइटमको मौज्दात र वितरण अवस्था निम्नानुसार रहेको छ ।

| क्र.सं. | औषधीको नाम | २०७८।७९ | | | | २०७९।८० | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अ.ल्य. | आम्दानी | खर्च | वाँकी | आम्दानी | खर्च | वाँकी |
| १ | Amoxycillin 500mg Cap | ० | ३६३३० | १९६७० | १६६६० | ६३००० | ७८३१० | १३५० |
| २ | Paracetamol 500mg Tab | ८७४२० | १६२०८० | १८४००० | ६५५०० | १८७००० | १५१६२० | ३५३८० |
| ३ | Ciprofloxacin 500mg Tab | ९०० | ३६००० | २१००० | १५९०० | २२९०० | १५४०० | ७५०० |
| ४ | Cetirizine 10mg Tab | ५७०० | ६९००० | ३४५१० | ४०१५० | ३४५०० | ३०१०० | ४४०० |
| ५ | Pantoprazole 40mg Tab | ९५०० | ११९०० | ९५५० | ३३०० | २२५०० | २४९८० | ८२० |
| ६ | Ranitidine 150mg Tab | ० | ४३००० | ३१६०० | ११४०० | ३८००० | ४८२०० | १२०० |
| ७ | Omeprazole 20mg Cap | ० | ११००० | ६९०० | ४१०० | ३३१८० | ३१०५० | ६२३० |

एमोक्सिलिन ५०० एम जि औषधी आर्थिक वर्ष २०७८।७९ मा १९६७० क्याप्सुल मातहतका स्वास्थ्य संस्थामा हस्तान्तरण भएकोमा आर्थिक वर्ष २०७९।८० मा ४ गुणा वृद्धि भई ७८३१० क्यापसुल हस्तान्तरण भएको छ। त्यस्तै ओमिपराजोल र प्यान्टप्राजोल समेत करिव सोही अनुपातमा वृद्धि भएको छ । विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणालीको प्रयोग पुर्ण रुपमा लागु नभएकोले गाउँपालिका स्वास्थ्य शाखाको मौज्दात प्रतिवेदन प्रणालीमा हस्तान्तरण भएको परिमाणसँग मातहतका स्वास्थ्य संस्थामा शाखागत तथा संस्थागत खर्च तथा मौज्दात भिडान हुने

अवस्था रहेको छैन । सहजिकरण पुस्तिकामा उल्लिखित भए अनुसार गुणस्तरीय औषधी तथा औषधीजन्य मालसामान खरिद, आपुर्ति र जिन्सी व्यवस्थापन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

६२ **नमुना विद्यालय -** पालिका र बरुणेश्वर माध्यमिक विद्यालय बीच नमुना विद्यालय संचालन तथा व्यवस्थापनका लागी सम्झौतामा उल्लेखित कार्य गर्ने गरी सम्झौता गरी विद्यालयलाई रू.३० लाख निकासा दिएको छ । दोस्रो पक्षले सम्पादन गरेको कार्यहरुको सम्झौता अनुसार भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गरेको छैन । विद्यालयले सम्झौता अनुसार कार्य गरे नगरेको अनुगमन गरी विद्यार्थीहरुको आय आर्जन हुने किसिमका कार्यक्रममा लगानी गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६३ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहाय कार्य संचालन गर्न पकेट कार्यक्रम संचालन गरी विउविजन, बाख्रा र बङ्गुर आदि खरिद गरी अनुदान उपलव्ध गराएको देखिन्छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । केही उदाहरण निम्न छन ।

| भौ. नं. र मिति | संस्थाको नाम | रकम |
|---|---|---|
| १९२।०८०।१।२७ | सेती देवि कृषक समूह | २००००० |
| १९२।०८०।१।२८ | घुमाउने कृषक समूह | २००००० |
| २०२।०८०।१।२९ | जिएन एग्रो फार्म | १००००० |
| २६८।०८०।३।३१ | हेम कुमारी कृषि तथा पशुपंक्षी फर्म | ९५००० |
| २७०।०८०।३।३२ | न्यू सेतिदेवी कृषि तथा पशुपंक्षी फर्म | ४४००० |
| २७१।०८०।३।३३ | प्रमिला बाखा फर्म | ७६००० |
| २६८।०८०।३।३४ | सुमित्रा कृषि तथा पशुपंक्षी फर्म | ७५०१० |
| २७३।०८०।३।३५ | कटवाल कृषि तथा पशुपालन फर्म | ७६००० |
| २६९।०८०।३।३५ | प्रगतिशिल कृषक समूह | ४४५५८४ |
| २७४।०८०।३।३६ | बेली चमेली एग्रो फर्म | २५००० |
| १९४।०८०।१।३१ | प्रकाश राई | ७५००० |
| १९५।०८०।१।३२ | लोकल भिलेज टप कृषि तथा पशुपन्छी फर्म | २००००० |
| २०१।०८०।१।३३ | भिम बहादुर सार्की वंगुर फर्म | २००००० |

| | | |
|---|---|---|
| २०३।०८०।१।३४ | मौसम कृषि तथा पशुपंक्षी फर्म | ५०००० |
| २६७।०८०।१।३५ | शान्ती महिला कृषक समुह | २२६८१ |
| ५०।०७९।७।२ | सन्जय बाखा फर्म | ३५०००० |
| ४४१।२०८०।२।७ | दलित वस्तिमा भुनि २२ र वुचे २ वंगुर वितरण | १००००० |
| ४५६।२०८०।२।१७ | वडा न २ मा तरकारी विउ वितरण | ४६००० |

सैद्धान्तिक बेरुजु

६४ **प्रधानमन्त्री रोजगार कार्यक्रम –** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ३४ योजना सञ्चालन गरी यस वर्ष २१८ जनालाई औसत ४१ दिनले ८९३८ दिन रोजगारी उपलव्ध गराई रू.६१,७९,४८६।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६५ **सामाजिक सुरक्षा**

६५.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, ०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिंदा बैङ्कलाई निकासा भएको रकम मध्ये लक्ष्मी सनराईज बैंक लि. मोलुङ्गको मिति २०८०।५।२७ को पत्र अनुसार देहाय बमोजिम रू.१०,५८,८८३।- बाँकी रहेको देखिन्छ। सामाजिक सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम बैंकसँग लिई सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रू.

| गत वर्ष बाँकी | यस वर्ष निकासा दिएको | जम्मा | वितरण | बाँकी मौज्दात |
|---|---|---|---|---|
| ५७३२६३ | ८५१८४९०० | ८५७५८१६३ | ८४६९९२८० | १०५८८८३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,५८,८८३ |

६५.२ गाउँपालिकाले गो भौ ५।२०८०।३।२१ बाट आ व २०७९।८० को चौथो त्रैमासिक सामाजिक सुरक्षा वापतको रकम रू.२,२१,४१,५५७।- लक्ष्मी सनराईज वैंकमा रहेको मोलुङको बैंक खातामा दाखिला गरेकोमा लेखापरीक्षण मिती सम्म पनि उक्त त्रैमासिकको भत्ता वितरण तथा बाँकीको विवरण सहितको रिभर्स फिड विवरण पेश भएन । पालिकाले रिभर्स फिड प्राप्त गरी कार्यविधि अनुसार खर्च भएको सुनिश्चित हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६५.३ सामाजिक सुरक्षा भत्ता वितरणको कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टा तथा तोकिएको मिती भित्रै परिचयपत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या एकिन गर्नुपर्ने व्यवस्था रहेको छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा मृत्यु पश्चात निम्नानुसार व्यक्तिको बैंक खातामा रू.१,८९,५९९।- सामाजिक सुरक्षा भत्ता भुक्तानी भएको देखिएको छ। पालिकाले मृत्यु भएका व्यक्तिको अभिलेख अद्यावधिक गराई पालिकावाट सबै वडामा भुक्तानी भएको सामाजिक सुरक्षा भत्ता खर्चको वास्तविकता र विश्वासनियता सम्वन्धमा एकीन गरी निम्नानुसार वढी भुक्तानी समेत असुल गर्नुपर्ने रू.

| लाभग्राही | वडा नं | विवरण | ना. नं. | त्रैमासिक | जम्मा रकम रू. |
|---|---|---|---|---|---|
| गोरी तामाङ | १ | २०७९।६।२५ मा मृत्यु | नखुलेको | दोस्रो, तेस्रो | २४००० |
| जय वहादुर श्रेष्ठ | १ | २०७९।९।७ मा मृत्यु | ४४२ | तेस्रो | १२००० |
| डण्डि प्रसाद दाहाल | २ | २०७९।५।१ मा मृत्यु | २६९५।२६२ | पहिलो र दोस्रो | २०००० |
| उद्धव वहादुर भुजेल | २ | २०७९।५।१७ मा मृत्यु | १४४९।२२६१ | पहिलो र दोस्रो | १८२६६ |
| सो माया राई | २ | २०७९।७।२८ मा मृत्यु | ३४५२।८९९ | दोस्रो | ८००० |
| शँकरे वहादुर राई | २ | २०७९।९।१० मा मृत्यु | ६६५३८।१६००१ | दोस्रो र तेस्रो | ६६६७ |
| लिल माया कटवाल | २ | २०७९।९।२० मा मृत्यु | ३४१८।२०३५ | दोस्रो र तेस्रो | १३३३३ |
| गँगा माया दाहाल | २ | २०७९।१२।२९ मा मृत्यु | | तेस्रो | ४००० |
| उमा देवी राई | ३ | २०७९।६।२० मा मृत्यु | १७१७।४५६ | पहिलो र दोस्रो | १३३३३ |
| देउ माया कटवाल | ४ | २०७९।७।२८ मा मृत्यु | १०१९।१८०९ | दोस्रो | ८००० |
| कर्साङ पुटी शर्पा | ७ | २०७९।१०।१५ मा मृत्यु | ३०९५ | तेस्रो | १०००० |
| कर्मा शेर्पा | ८ | २०७९।५।२० मा मृत्यु | ४४२९।७४६ | पहिलो,दोस्रो र तेस्रो | ३६००० |
| आइमाया राई | ८ | २०७९।९।१मा मृत्यु | | दोस्रो र तेस्रो | १६००० |
| **जम्मा** | | | | | **१८९५९९** |

| असुल गर्नुपर्ने | १,८९,५९९ |
|---|---|

## ६६ ठेक्का व्यवस्थापन

६६.१ पालिकाले गरेको निम्नानुसार ठेक्का व्यवस्थापन गरी खरिद तथा निर्माण कार्यमा लागत अनुमानको भन्दा ४ देखि ६३.१५ प्रतिशतसम्म घटिमा सम्झौता भएको छ । सम्झौता अनुसार तोकिएको समय भित्र गुणस्तरीय रुपमा कार्यसम्पन्न गराउनु पर्दछ ।

| क.सं. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | लागत अनुमान | सम्झौता रकम | घटि प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | १।०७९।८० | ५६स्थानमा नेपाल दुरसञ्चार प्राधिकरणवाट व्रोड व्याण्ड र इन्टरनेट सेवाप्रदान | एरोनेट प्राली, काठमाडौं | ६१५७२७९.४१ | ५८४९०५१.५२ | ५.०१ |
| २ | २।०७९।८० | औषधीखरिद | सोहन मेडी हेल्थ, भक्तपुर | १९९३३०९.८३ | ७३४४५१.३१ | ६३.१५ |
| ३ | ३।०७९।८० | स्टेशनरी खरिद | कुन्तादेवी सप्लायर्स प्राली, ओखलढुङ्गा | १९३७०४६.०० | ११६६७३६.३० | ३९.७७ |
| ४ | ४।०७९।८० | थुम्की गोपे उर्लेनी माझखर्क ककनी धार्मिक पर्यटकीय सडक | सुनुवार कन्स्ट्रकशन, भक्तपुर | ६२००२६६.४० | ५९३३७१४.२६ | ४.३० |
| ५ | ५।०७९।८० | सैमल कोर्नाम माझखर्क सडक स्तरोन्नति | स्टारविल्डर्स एण्ड सप्लायर्स, ललितपुर | ७०००६९०.४१ | ६५३३३५८.९५ | ६.६८ |
| ६ | ६।०७९।८० | ५नं. वडा कार्यालय निर्माण | झगपुरनिर्माण सेवा तथा सप्लायर्स प्राली, विराटनगर | २७४५९७२.३२ | २१५९३४०.९२ | २१.३६ |
| ७ | ७।०७९।८० | सेप्लि झरना पर्यटकिय पूर्वाधार विकास | शिवदुती निर्माण सेवा, मोरङ्ग | ६३१५८६०.६३ | ४६८४२७२.३८ | २५.८३ |
| ८ | ८।०७९।८० | औषधी खरिद | डालिमा मेडिसेल्स, ववरमहल | २१००४७४.३३ | १०८०७३२.०० | ४८.५५ |
| ९ | ९।०७९।८० | पर्यटनपार्क निर्माण | सुनुवार कन्स्ट्रकशन, भक्तपुर | १४४८२२३.५८ | ९३१८८१.२६ | ३५.६५ |
| १० | १०।०७९।८० | शिवदुति सेकेन्डरी स्कुलको लागि सिभिल ल्याव इक्यूपमेन्ट खरिद र जडान | विनोद इलेक्ट्रिकल, ओखलढुङ्गा | १७९९७११.०७ | १६१२०१२.८० | १०.४३ |

पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यसरी घटी कवोलमा सम्झौता भएका निर्माण कार्यमा प्रयोग भएका सामाग्रीको गुणस्तर परीक्षण सम्झौतामा तोकेको तरिकाले भए नभएको वा नर्म्स नै अधिक

भएको सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधिसम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्बन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६६.२ विस्तृत प्रतिवेदन तयार भएको सडक निर्माण गर्दा बजेटले खामेसम्म विस्तृत प्रतिवेदनमा समावेश परिमाणको कार्य गराउने गरेको देखियो । परामर्श दाताले लागत अनुमानमा इक्युप्मेण्ट प्रयोगको दर एकमुष्ट राखेको पाइयो । गाउँपालिकाले विस्तृत परियोजना प्रतिवेदनमा वास्तविक नर्म्समा आधारित रही यथार्थपरक दर विश्लेषण प्रयोग गरी परियोजना लागत निर्धारण भए नभएको एकिन गरी स्वीकृत र कार्यान्वयन गर्नु पर्दछ ।(सैमल कोर्नाम माझखर्क सडक स्तरोन्नतिको विस्तृत परियोजना प्रतिवेदनमा समावेश केही दर निम्नानुसार छन्:

| Description | Unit | Rate |
|---|---|---|
| Air Compressor | hr | 1459 |
| Boiler | hr | 858 |
| Chips Spreader | hr | 4444 |
| Concrete Mixer | hr | 523 |
| Generator (< 2 KVA) | hr | 117 |
| Pneumatic Tyred Roller | hr | 3319 |
| Tractor | hr | 1110 |
| Vibrator Roller | hr | 2413 |
| Motor Grader | hr | 3618 |
| Hydraulic Excavator | hr | 3570 |
| B. Distributor | hr | 4377 |
| Dozer | hr | 5891 |
| Tractor with ripper attachment | hr | 1142 |
| Bitumen Sprayer | hr | 4377 |
| Mechanical Broom | hr | 2020 |

सैद्धान्तिक बेरुजु

६६.३ सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेस्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर -** उपभोक्ता समितिवाट कार्य गराउदा स्वीकृत भएको नर्म्स अनुसार दर विश्लेषण गरी लागत अनुमान तयार गरी सम्झौता अनुसार भुक्तानी गर्नु पर्दछ । निम्नानुसार सडक सम्बन्धी आयोजना कार्यान्वयन गर्दा उपभोक्ता समितिवाट डोजरवाट सडक निर्माण तथा मर्मत गराउने कार्यको लागत अनुमान तयार गर्दा उपभोक्ता विलमा थप रू.४,२९,४६४। मुल्य अभिवृद्धि कर समावेश गरी भुक्तानी गरेको छ । निम्नानुसार उपभोक्ता समितिलाई मुल्य अभिवृद्धिकर समावेश गरी भुक्तानी गरेको असुल गर्नुपर्ने रू.

| क्र.सं. | कार्यक्रमको नाम | गो.भौ.नं. | भौचर खर्च रकम | मूल्य अभिवृद्धि कर भुक्तानी |
|---|---|---|---|---|
| १ | यलुङ खोला ओखरबोट सडक निर्माण | २४।०७९।९।२८ | २००००००.०० | २२०८८५ |
| २ | राँगादिप क्षेत्र सडक स्तरोन्नती | ७०।०७९।१२।९ | २,४६,७५८.०० | २७३२३ |
| ३ | सखरे पखरे खोला सडक निर्माण योजना | ८८।१२।२३ | ३,२६,३९१.०० | ३८२५२ |
| ४ | देउराली थुम्की चौतारा गोपे सडक मर्मत तथा सरसफाइ | ११३।०८०।१।१३ | १,९८,७३१.०० | २४६५४ |
| ५ | लामीडाँडा डोटेलगाउँ सडक निर्माण | १९९।०८०।३।१२ | ९८,४४६.६७ | १०९२९ |
| ६ | त्वासिङ सडक निर्माण योजना | २०८।०८०।३।१८ | २,३२,६५६.०० | २६४४१ |
| ७ | वडा नं. ६ सडक मर्मत | २२०।०८०।३।१८ | ३,१७,४१६.०० | ३५१२१ |
| ८ | वडा नं. २ सडक मर्मत | २२९।०८०।३।२० | २,८५,५३६.३४ | ३४९३१ |
| ९ | थापाचौर-ओखरबोट मोटर बाटो मर्मत अध्यक्ष रमेश बहादुर कार्कीलाई भुक्तानी | २१२।०८०।३।१८ | १,००,०००.०० | १०९२९ |
| | **जम्मा** | | **३७१८४१७.३४** | **४२९४६४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२९,४६४ |

६९ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यत डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान

तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्:

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|
| २४।०७९।९।२८ | यलुङ खोला ओखरबोट सडक निर्माण | १९२०००० | १९२०००० |
| ७०।०७९।१२।९ | राँगादिप क्षेत्र सडक स्तरोन्नती उपभोक्ता समिति | २४६७५८ | २४६७५८ |
| २२०।०८०।३।१८ | वडा नं. ६ सडक मर्मत उपभोक्ता समिति | ३१७४१६ | ३०५२७९ |
| २२९।०८०।३।१८ | वडा नं. २ सडक मर्मत उपभोत्ता समिती | २८५५३६ | ३०३६३३ |

सैद्धान्तिक बेरुजु

७० **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **गाउँपालिका अस्पताल -** मोलुङ्ग गाउँपालिका, वडा नम्वर २, रामपुरमा पाँच सैयाको अस्पताल निर्माणको लागि आर्थिक वर्ष २०७७।७८ मा एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम(संघीय)वाट लागत अनुमान रू. ६,२०,५०,८०६।१४ को निर्माण कार्यको लागि न्यू ड्रायगन/विजि कन्स्ट्रक्सन जेभि, चौरिदेउराली (६०८०३१७२१) सँग रू. ४,३२,६६,२६५।१८ मा २०७९।११।३० सम्म सम्पन्न गर्ने गरी २०७८।३।२४ मा निर्माण सम्झौता भई २०७८।३।२४ मा रू.३७ लाख पेस्की उपलव्ध गराएको थियो । अस्पताल निर्माणको लागि आर्थिक वर्ष २०७९।८० मा पालिकाले रू.१ करोड २० लाख विनियोजन गरेकोमा खर्च भएको देखिएन। लेखापरीक्षण अवधिसम्म निर्माण कार्यको ६ महिना अवधि समाप्त भैसकेकोमा म्याद थप भएको नदेखिनुका साथै रनिङ्गविल समेत पेश भएको छैन। निर्माण सम्वन्धमा कार्यालयले आवश्यक निर्णय लिन पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७२ **अस्पतालको विस्तृत आयोजना प्रतिवेदन -** अस्पताल निर्माणको लागि २०७७।१२।१० मा ए.आर.वि. इन्जिनियरिङ्ग सोलुशन प्रा.ली., गोठाटार, काठमाडौं (६०९६८३१९६) लाई विस्तृत आयोजना प्रतिवेदन तयारी कार्यका लागि रू.१४,९९,३४०।- भुक्तानी गरेको भएको थियो । विस्तृत आयोजना प्रतिवेदन अनुसार निर्माण व्यवस्थापन गरेकोमा नेपाल हेल्थ सेक्टर सपोर्ट प्रोग्रामवाट २०७९।६।१४ गते परामर्शदाता जिम्मेवारी हुने गरी संशोधनको आसय सहित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पत्राचार गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा पालिकाले परामर्शदाताले तयार गरेको विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन जटिलताको सम्वन्धमा जिम्मेवार गराएको नदेखिनुका साथै उल्लिखित अनुसारको संसोधित विस्तृत आयोजना प्रतिवेदन समेत तयार नभएको अवस्था रहेको छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७३ **पेस्की -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम ४ अनुसार पेस्की फर्स्यौटअवधि खाम्ने गरी पेस्कीको जमानत लिनु पर्ने, उपनियम ५ अनुसार प्रत्येक विलवाट सम्झौता अनुसार पेस्की कट्टा गर्नु पर्ने तथा उपनियम ६ अनुसार सम्झौतामा उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले पेस्की फर्स्यौटहुन नसकेमा सम्वन्धित वैंकवाट जमानतको रकम प्राप्त गरी १० प्रतिशतका दरले व्याज समेत असुल उपर गर्नु पर्ने उल्लेख छ। निर्माण सम्झौताको म्याद समाप्त भै सकेको र कार्यालयले न्यू ड्रायगन/विजि कन्स्ट्रक्सन जेभि, चौरिदेउराली (६०८०३१७२१) लाई २०७८।३।२४ को निर्माण सम्झौता अनुसार उपलव्ध गराएको रू.३७ लाख पेस्की बैंक नगदी कितावमा जिम्मेवारी नसारेको तथा आर्थिक वर्षको अन्त्यसम्म असुल फर्स्यौटसमेत गरेको देखिदैन । निर्माण म्याद समाप्त भैसकेको अवस्थामा समेत पेस्की असुल फर्स्यौट नभएकोले नियमानुसार ब्याज समेत असुल गर्नु पर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,००,००० |

७४ **थुम्की गोपे उर्लेनी माझखर्क ककनी धार्मिक पर्यटकीय सडक -** कार्यालयले मार्च २०२१ मा तयार गरेको विस्तृत परियोजना प्रतिवेदन अनुसार थुम्की गोपे उर्लेनी माझखर्क ककनी धार्मिक पर्यटकीय सडक निर्माणको लागि पहिलो एलाइजमेन्ट थुम्की गोपे हुदै ककनि सम्म चेनेज ०+००० देखि ७+२३५ सम्मको सडक निर्माणमा भ्याट सहित रू.६८,७४,३१,७३३।८९ र दोस्रो एलाइजमेन्ट गोपे देखि माझखर्कसम्म ०+००० देखि १+९५२ सम्मको सडक निर्माणमा भ्याट सहित रू.१६,०६,४६,८०१।२३ समेत रू.८४,८०,७८,५३५।१२ खर्च लाग्ने अनुमान गरेको देखियो । उक्त लागतको कार्य मध्ये आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्म रू.१,९८,४७,५६८।९२ को लागत अनुमान तयार गरी रू.१,११,७९,४५१।३६ मा नयाँ ट्र्याक खोल्ने कार्यको ठेक्का व्यवस्थापन गरी निम्नानुसार रू.९७,२५,३२८।७१ भुक्तानी भएको छ । विस्तृत परियोजना प्रतिवेदन अनुसार भएको कार्य खुल्ने गरी एकीकृत रुपमा नापि किताव तयार गरेको देखिएन । आर्थिक वर्ष २०७७।७८ तथा २०७८।७९ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा सम्झौता तथा कार्यसम्पादन जमानतको म्याद समाप्त भई सकेकोले क्षतिपुर्ति सहित कार्यसम्पादन जमानतको म्याद थप गरी कार्य सम्पन्न गराउनु पर्ने र नगरेमा कार्यसम्पादन जमानत जफत गरी नियममा उल्लेख भए अनुसार सम्झौता अन्त्य गर्न पहल गर्नु पर्ने व्यहोरा उल्लेख भएकोमा लेखापरीक्षण अवधिसम्म सोको कार्यान्वयन भएको छैन । विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख भए अनुसार पुर्ण रुपमा चेनज खुलाई बजेट व्यवस्था भए अनुसार ठेक्का व्यवस्थापन गर्ने र निर्माण सम्झौता अनुसार कार्यसम्पन्न गराई एकीकृत नापि किताव तयार गर्नु पर्दछ ।

| क्र.सं. | आर्थिक वर्ष | लागत अनुमान | सम्झौता रकम र निर्माण व्यावसायी | भुक्तानी तथा कार्यसम्पन्न भएको | |
|---|---|---|---|---|---|
| | | | | चेनेज | खर्च |
| १ | २०७७।७८ | ६८५७१४५.०० | २२२९२१५.८० | ०+००० देखि ०+७८० | ९४४६७२.२२ |
| | | सगुन सफल कन्स्ट्रक्सन प्रा ली | | | |
| २ | २०७८।७९ | ७०००४२३.९२ | ३०१६५२१.२० | ०+७८० देखि ३+६७७ | २८४६९४२.१३ |
| | | सिर्जनशिल कन्स्ट्रक्सन कम्पनी प्रा.लि | | | |
| ३ | २०७९।८० | ५९९००००.०० | ५९३३७१४.३६ | पहिलो एलाईजमेन्टको खस्रेनि देखि मोलुङ्ग र सुनकोसी सिमानासम्म चेनेज ०+००० देखि १+०३० र दोस्रो एलाईजमेन्टचेनेजको खहरे देखि जुकेगैरोसम्म चेनेज ०+००० देखि १+३२५ सम्म | ५९३३७१४.३६ |
| | | सुनुवार कन्स्ट्रक्सन प्रा. ली. | | | |
| | **जम्मा** | **१९८४७५६८.९२** | **१११७९४५१.३६** | | **९७२५३२८.७१** |

| क्र.सं. | आर्थिक वर्ष | लागत अनुमान | सम्झौता रकम र निर्माण व्यावसायी | भुक्तानी तथा कार्यसम्पन्न भएको | |
|---|---|---|---|---|---|
| | | | | चेनेज | खर्च |
| १ | २०७७।७८ | ६८५७१४५.०० | २२२९२१५.८० | ०+००० देखि ०+७८० | ९४४६७२.२२ |
| | | सगुन सफल कन्स्ट्रक्सन प्रा. ली. | | | |
| २ | २०७८।७९ | ७०००४२३.९२ | ३०१६५२१.२० | ०+७८० देखि ३+६७७ | २८४६९४२.१३ |
| | | सिर्जनशिल कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | | | |
| ३ | २०७९।८० | ५९९००००.०० | ५९३३७१४.३६ | पहिलो एलाईजमेन्टको खस्रेनि देखि मोलुङ्ग र सुनकोसी सिमानासम्म चेनेज ०+००० देखि १+०३० र दोस्रो एलाईजमेन्टचेनेजको खहरे देखि जुकेगैरोसम्म चेनेज ०+००० देखि १+३२५ सम्म | ५९३३७१४.३६ |
| | | सुनुवार कन्स्ट्रक्सन प्रा. ली. | | | |
| | **जम्मा** | **१९८४७५६८.९२** | **१११७९४५१.३६** | | **९७२५३२८.७१** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७५ **सेप्लि झरना पर्यटकिय पूर्वाधार विकास -** कार्यालयले सेप्लि झरना पर्यटकिय पूर्वाधार विकासको लागि गोश्वारा भौचर नं. १८४।०८०।३।६ वाट रू.४,९३,८१०।- मा विस्तृत परियोजना प्रतिवेदन तयार गरेको छ । परियोजना प्रतिवेदन अनुसार परियोजना लागत मूल्य अभिवृद्वि कर समेत रू.२,४९,६९,६३५।३५ (कन्टिन्जेन्सी वाहेक)हुने

अनुमान गरेकोमा विगत देखि नै केहि कार्य निम्नानुसार भएको देखिएको छ। परियोजना प्रतिवेदन अनुसारको कार्य व्यवस्थित र गुणस्तरिय रुपमा सम्पन्न हुने सुनिश्चितता सहित कार्यक्रम कार्यान्वयन हुनु पर्दछ ।

| क्र.सं. | आर्थिक वर्ष | कामको विवरण | निर्माण व्यवसायी | कार्यको | |
|---|---|---|---|---|---|
| | | | | सम्झौता रकम | खर्च |
| १ | २०७७।७८ | सेप्ली झरना फाउन्डेसन | उपभोक्ता समिति | १०००००० | ९४००००.०० |
| २ | २०७८।७९ | झोलुङ्गे पुल पेस्की (३०%) | उपभोक्ता समिति | २२९१२९४ | ६८७३८८.१२ |
| ३ | २०७८।७९ | सेप्ली प्रतिक्षालय | उपभोक्ता समिति | १४४००० | १४४०००.०० |
| ४ | २०७८।७९<br>२०७९।८० | ट्रस व्रिज सामान खरिद | लुम्विनी ईन्जिनियरिङ्ग वर्क्स प्रा.लि | १०५०३८३ | १०५०३८२.९३ |
| ५ | २०७९।८० | लागत अनुमान रू. ६३१५८६१.०० को कार्य | शिव दुती निर्माण सेवा | ४६८४२७२ | ४५५८०७४.३० |

सैद्धान्तिक बेरुजु

७६ **गाउँपालिका प्रशासकीय भवन निर्माण**

७६.१ सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयमा निर्माण कार्यको विल अफ क्वान्टिटीमा सवारी साधन, साइट अफिस र भाडा निर्माण सम्झौतामा राखी खरिद गर्न मिल्ने व्यवस्था रहेको देखिदैन। कार्यालयले निर्माण सम्झौताको विल अफ क्वान्टिटीमा समावेश गरी रू.४,७४,९००।- मा मोटरसाइकल खरिद गरेको छ। सार्वजनिक लेखा समितिको निर्देशन विपरित भएको सवारी साधन खरिद कार्य नियमानुसार नहुनुका साथै पालिकाको नाममा नामसारी समेत भएको नदेखिएको रू.

| अनियमित भएको | ४,७४,९०० |
|---|---|

७६.२ कार्यालय र विवस इन्टरनेशनल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., काठमाडौं विच ३६ महिना भित्र रू.११,४९,१५,४३९।५५ मा सम्पन्न गर्ने गरी २०७९।२।५ मा निर्माण सम्झौता भएको थियो । सम्झौता अनुसार आर्थिक वर्ष २०७९।८० वा तेस्रो रनिङ्ग विलसम्म रू.२,६५,४३,०३१।६० भुक्तानी भएको छ । आर्थिक वर्ष २०७९।८० को अन्त्यसम्म निर्माण अवधिको ३६ प्रतिशत अवधिमा भौतिक तथा वित्तीय प्रगति २३.०९ प्रतिशत भएको छ । सम्झौता अनुसार समयमा निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **पर्यटन पार्क निर्माण -** गाउँपालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम तर्फ मोलुङ गा पा ३ माथिल्लो ढाडे प्राप्चा ओखलढुङ्गामा पर्यटन पार्क निर्माण गर्न यस वर्ष २०७९।८० मा रू. १५ लाख बजेट विनियोजन गरी बजेट अनुसार रू.१४,४८,२२३।५८ को लागत अनुमान तयार गरेर सिलवन्दी दरभाउपत्र विधिवाट निर्माण गरेकोमा सुनुवार कन्स्ट्रक्सनसँग २०८०।२।१६ मा रू.९,३१,४८१।२६ मा सम्झौता गरी सम्पन्न गरेको छ । उल्लिखित पर्यटकिय पुर्वाधारमा भएको लगानीले परियोजना पुर्ण रुपमा सञ्चालनमा आए नआएको तथा प्रत्यक्ष/अप्रत्यक्ष तवरले गाउँपालिका तथा वासिन्दालाई प्राप्त हुन सक्ने लाभको विश्लेषण भएको छैन । लाभ लागत सहितको अध्ययन वेगर खर्च गर्दा

परियोजना पुर्ण रुपमा उपयोगमा नआउन सक्दछ । स्थानीय जनताको आवश्यकतालाई वस्तुपरक रुपमा विश्लेषण गरी कार्यान्वयन गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७८ **नामसारी नभएको -** गाउँपालिकाले सार्वजनिक सरोकारको भवन व्यक्तिगत जग्गामा निर्माण गर्नु हुँदैन । प्रदेश सरकावाट हस्तान्तरित कार्यक्रम तर्फ गोश्वारा भौचर नम्वर २१।०८०।३।२३ वाट त्रिवेणिधाम घाट भवन निर्माण गर्दा जग्गादाता नुरप्रसाद ढकालसँग २०८०।२।३२ मा कित्ताकाट खुलेपश्चात नामसारी गर्ने सम्झौता गरी उपभोक्ता समिति मार्फत रू.९,४९,४३६।- मा सम्पन्न गरेको छ । लेखापरीक्षण अवधिसम्म उक्त जग्गा उपभोक्ता समिति वा पालिकाको नाममा नामसारी भएको नदेखिएको रू.

| अनियमित भएको | ९,४९,४३६ |
|---|---|

७९ **औद्योगिक ग्राम -** संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। साथै उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय र पालिकाबीच औद्योगिक ग्राम स्थापना गर्ने गराउने सम्बन्धमा मिति २०७६।१२।२० मा भएको समझदारी पत्रको दफा नं. ९ मा वर्षान्त भित्र खर्च हुन नसकि बाँकी रहेको रकम नियमानुसार हुने व्यहोरा उल्लेख छ । सम्झौता अनुसार प्राप्त रू. ९२ लाख मध्ये आर्थिक वर्ष २०७८।७९ मा विस्तृत परियोजना प्रतिवेदनमा रू.४,९८,५००।-, मोलुङ वडा नं. ६ मा पूर्वाधार निर्माण गर्न २०७९।१।२५ मा २०७९।९।२३ सम्म सम्पन्न गर्ने गरी रू.७०,२१,८३०।- मा श्रेष्ट विल्डर्ससँग भएको सम्झौता अनुसार रू.६७,३५,६६९।५९ र कन्टिन्जेन्सीमा रू.२,३४,९६१।७६ समेत रू.७४,६९,१३१।३५ खर्च भएको छ । आर्थिक विवरण अनुसार आर्थिक वर्ष २०७९।८० को अन्त्यसम्ममा औद्योगिक ग्राममा खर्च नभएको रकम एकिन गरी संचितकोष दाखिला हुनु पर्ने रू.

| प्रमाण पेश नगरेको | १७,३०,८६९ |
|---|---|

८० **विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्था -** विस्तृत परियोजना प्रतिवेदन तयार गरी गूरुयोजना स्वीकृत भई कार्यान्वयनमा रहेका आयोजनामा बजेट विनियोजन गरी सम्पन्न गर्नु पर्दछ । स्वीकृत गुरुयोजना अनुसार सम्पन्न भएको कार्यको विवरण आयोजनागत अभिलेखिकरण गरी परियोजना सम्पन्न भए पश्चात आवश्यकता अनुसार लाभग्राही समुदाय वा उपभोक्तालाई हस्तान्तरण गर्नु पर्दछ । कार्यालयवाट अध्ययन भएका विस्तृत परियोजना प्रतिवेदनको कार्यान्वयन अवस्था निम्नानुसार रहेकोमा प्रतिवेदन अनुसार भएको कार्यको अद्यावधिक नापि किताव एकीकृत गरी राखेको नदेखिनुका साथै परियोजना कार्यान्वयन सम्पन्न भै लाभग्राहीलाई हस्तान्तरण समेत एकिन गर्न सकिदैन । परियोजना कार्यान्वयन अवस्था एकिन हुने र विस्तृत परियोजना प्रतिवेदन अनुसार कार्य गर्न समेत सहज हुने गरी एकीकृत रुपमा नापि किताव अद्यावधिक गर्नु पर्दछ । (स्थानीय तहको संचितकोष व्यवस्थापन प्रणाली अनुसार विगतको खर्च समावेश गरिएको छ)

| क्र.सं. | कामको विवरण | परियोजना लागत मू.अ.कर समेत (कन्टिन्जेन्सी बाहेक) | आर्थिक वर्ष | आर्थिक वर्ष २०७९।८० सम्म सम्पन्न कार्य |
|---|---|---|---|---|
| १ | सैमल कोर्नाम माझखर्क सडक स्तरोन्नति | ९,८३,९५,३३०.८३ | २०७७।७८<br>२०७८।७९<br>२०७९।८० | ७०,४०,४९८.०० |
| २ | सेप्लि झरना पर्यटकिय पूर्वाधार विकास | २,४९,६९,६३५.३५ | | ७३,७९,८४५.३५ |

| | | | | |
|---|---|---|---|---|
| ३ | थुम्की गोपे उर्लेनी माझखर्क ककनी धार्मिक पर्यटकीय सडक | ८४,८०,७८,५३५.१२ | | ९७,२५,३२८.७१ |

सैद्धान्तिक बेरुजु

८१ **परामर्श डि पि आर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | लागत रकम | खर्च रकम | आयोजनाको लागत |
|---|---|---|---|---|
| रामपुर खेलकुद मैदानको डीपीआर तयारी | डेल्टा इनिसिएटिभ इन्जिनियरिङ प्रा. काठमाडौं। | ३१०००० | ३०५१०० | ७२७६९३४४ |
| पर्यटनगुरुयोजना सेपली झरना (फल्स) डिजाइन र प्रतिवेदन तयारी | एस कन्सल्टेन्सी (पी.)लिमिटेड धोबीघाट-३ ललितपुर | ५००००० | ४९३८१० | २६०७४४८६.४७ |
| रामपुरस्थितथानिढुङ्गा मनोरञ्जन निकुञ्जको डीपीआरको तयारी | इन्जिनियर्स वर्ल्ड प्रा.लि. काठमाडौं | २००००० | १९२१०० | ३४६११७९१.४६ |
| शहरी योजना बजार सहरीकरण र रामपुर बजारकोविस्तृत डिजाइन र प्रतिवेदन तयारी | इन्टरफेस इन्जिनियरिङ प्रा.लि. कोटेश्वर काठमाडौं | ९००००० | ८९२७०० | २८५५१८००.४४ |
| मा कोल्डस्टोर पालिका आवासीय भवन र वडा कार्यालय भवनको डीपीआर तयार | प्रतिष्ठित इन्जिनियरिङ एण्ड कन्सल्टेन्ट्स प्रा.लि. ललितपुर | ३००००० | २९७१२० | २१०८२१९० |
| कम्प्रिहेन्सिभ भिलेज प्रोफाइल निर्माण | ईन्भारोमेन्टल एण्ड डेभलपमेन्ट रिसर्च सेन्टर प्रा.लि. काठमाडौंको | १०००००० | ९९०६७१ | - |
| पहिरो जोखिम अनुसन्धान | नेपाल इनभारोमेन्टल रिसोर्सेज अगर्नाइजेशन प्रा.लि.काठमाडौं | १०००००० | ९३७३३५ | - |
| | **जम्मा** | ४२१०००० | ४१०८८३६ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन अभिलेखिकरण गरी अध्ययन भएका योजनाहरु कार्यान्वयन हुने सुनिश्चितता हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : मोलुङ गाउँपालिका, ओखलढुंगा , मोलुङ गाउँपालिका , ओखलढुङ्गा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत श्री उपेन्द्र राई | २०८०-५-१९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत श्री सरोज थापा | २०७८-१२-१० | २०८०-५-३ |
| लेखा प्रमुख | लेखापाल श्री जिबन खत्री | २०८०-३-७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | आर्थिक प्रशासन शाखा प्रमुख श्री प्रवल घिमिरे | २०७६-८-१ | २०८०-३-७ |

बेरुजु वर्गीकरणः

| असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेस्की |
|---|---|---|---|---|---|
| ५,६०६,१५७ | ४,३५५,०४९ | ७,६७०,६७५ | ० | ० | २,२८३,८६३ |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रू. | | | | | १९,९१५,७४४ |
| प्रारम्भिक प्रतिवेदन उपर फस्योंट गरी संपरीक्षण भएको रकम रू. | | | | | २१०,४९४ |
| संपरीक्षणबाट थप भएको बेरुजु रू. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रू. | | | | | १९,७०५,२५० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ४७४६१६२२.९२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३४६९८४१६६ | चालु खर्च | २८७०९५९४६.१५ |
| प्रदेश सरकारबाट अनुदान | २११२२१२५ | पुंजीगत खर्च | १०२०७९२०० |
| राजश्व बाँडफाँट | ६४६१३५२३.२३ | वित्तीय/अन्य व्यवस्था | १४१६१६०४० |
| आन्तरिक आय | २६२५६५०.८८ | | |
| अन्य आय | ९६८८५०३१.३ | | |
| कुल आय | ५३२२३०४९६.४१ | कुल खर्च | ५३०७९११८६.१५ |
| बाँकी मौज्दात | | ४८९००९३३.१८ | |

### बेरूजु दफा ५७.११ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| सि. नं. | विद्यालय | G1-5 | G6-8 | 1-8 Dalit | जम्मा | G1-5 | G6-8 | 1-8 Dalit | हुनुपर्ने | बढी | दर | बढी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बरुणेश्वर मावि | ७६ | ८४ | ५६ | २१६ | ७२ | ५२ | ५६ | १८० | ३६ | ४०० | १४४०० |
| २ | ग्रामोदय आधारभूत विद्यालय, टेकनपुर | २९ | १४ | ३ | ४६ | २५ | १४ | ३ | ४२ | ४ | ४०० | १६०० |
| ३ | सिंहदेवी आधारभूत विद्यालय | १७ | ० | २ | १९ | १३ | ० | २ | १५ | ४ | ४०० | १६०० |
| ४ | जीवन प्रदीप मावि हर्कपुर | ४५ | ६५ | २३ | १३३ | ४३ | ५५ | २२ | १२० | १३ | ४०० | ५२०० |
| ५ | चम्पादेवी आधारभूत विद्यालय | १९ | २१ | १ | ४१ | ११ | १३ | | २४ | १७ | ४०० | ६८०० |
| ६ | जलजलेश्वर गुरुकुल वेद विद्याश्रम मावि | १४ | ६ | ० | २० | १३ | ६ | | १९ | १ | ४०० | ४०० |
| ७ | जलकन्या आधाभूत विद्यालय झगरपुर | १४ | ० | १२ | २६ | १४ | ० | | १४ | १२ | ४०० | ४८०० |
| ८ | पाटले माध्यमिक विद्यालय | ५७ | ५७ | ४ | ११८ | ५५ | ५८ | ४ | ११७ | १ | ४०० | ४०० |
| ९ | शिवदुती मावि | ४७ | ४५ | २४ | ११६ | ४६ | ४४ | २५ | ११५ | १ | ४०० | ४०० |
| १० | जनज्योति आधारभूत विद्यालय | २८ | ० | ० | २८ | २३ | ० | | २३ | ५ | ४०० | २००० |
| ११ | शहिद पेशल आधारभूत विद्यालय | ३३ | ० | ० | ३३ | २० | ० | २ | २२ | ११ | ४०० | ४४०० |
| १२ | श्री सिंहदेवी आधारभूत विद्यालय चेप्टे | ४९ | ४८ | १ | ९८ | ४६ | ४८ | ३ | ९७ | १ | ४०० | ४०० |
| | | ४२८ | ३४० | १२६ | ८९४ | | | | ७८८ | | | ४२४०० |

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को निर्णयानुसार रू.२,०००।- र मिति २०८०।१२।४ को निर्णयानुसार रू.४००।- को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको।)*